# पहिलो अध्याय

# भक्तपुर

**१.१ भौगोलिक स्थिती**

भक्तपुर, नेपालको राजधानी काठमाडौंबाट १३ कि.मी. दक्षिण पूर्वमा पर्ने प्राचीन शहर हो । यसको भौगोलिक स्थिती २७०$^{o}$ २६´ लेखि २७०$^{o}$ ४४´ उत्तरी अक्षांश तथा ५$^{o}$ २१´ देखि ५$^{o}$ ३७ ´पूर्वी देशान्तरमा पर्दछ । यो शहर समुद्री सतहबाट करिब १३३१ कि.मी.माथि पर्दछ । यसको क्षेत्रफल १३८.४६ वर्ग कि.मी. फैसलएकोछ । यस जिल्लाको भौगोलिक आकृति शंखको आकार लिएर पश्चिमतर्फ चुच्चो परेको छ । पूर्वमा यसको लम्बाई करीब १.६कि.मी. तथा उत्तर दक्षिणमा ११.२ कि.मी. चौडा छ ।[१]

नेपालको ७५ वटा जिल्लाहरु मध्ये भक्तपुर पनि एक जिल्ला हो । यो उपत्यकाको सबैभन्दा सानो जिल्ला हो । यस जिल्ला बाग्मती अञ्चलमा अवस्थित मध्यामञ्चल विकास क्षेत्र अन्तर्गत पर्दछ । नेपाल अधिराज्यको ५८ वटा नगरपलिका मध्ये एक नगरपलिका हो ।[२]

यस जिल्लाको भु-भागमा पहाडी र उपत्यका क्षेत्र पर्दछ । यो जिल्लाको पूर्वमा महादेव पोखरी डाँडा र यसैको श्रेणी, दक्षिणमा सूर्यविनायक र त्यसभन्दा माथिको श्रेणी तथा पश्चिममा मनोहरा नदी र दुर्गे खोलाहरु पर्दछ । यो जिल्लाको प्रमुख नदीहरु खासाङ्गखुसुङ्ग र हनमन्ते खोला हुन् र मनोहरा नदी उत्तर पूर्व कुनास्थित महादेव पोखरी डाँडाको उत्तर भागबाट निस्केर काठमाडौं भक्तपुर जिल्लाको साँध बन्दै पश्चिमतिर बग्दछ । हनुमन्ते नदी यो जिल्लाको पूर्व सिमास्थित महादेव पोखरी डाँडाबाट उत्पत्ति भई नगरकोट डाँडा र बागेश्वरी डाँडाको मध्य भागबाट पश्चिमतिर बगेर जान्छ । राजनैतिक सीमाना अनुसार यो जिल्लाको पूर्वमा काभ्रेपलाञ्चोक, पश्चिममा ललितपुर र काठमाडौं, उत्तरमा काठमाडौं, दक्षिणमा पनि काभ्रेपलाञ्चोक नै पर्दछ ।[३]

---

[१],२,३ *मेची देखि महाकाली : भाग २* ( मध्यामञ्चल विकास क्षेत्र : नेपाल सरकार संचार मन्त्रालय, सूचना विभाग, वि.सं.२०३१ )

## १.२. ऐतिहासिकता

यो शहरलाई परम्परागत नेवारी भाषामा खोप भनिन्छ । खोप शब्दको मूल रुप खोपृङ हो । नेपालको प्राचीन वस्तीहरु मध्ये खोपृङ पनि एक हो । खोपृङ शब्दको उल्लेख सर्वप्रथम मानदेवको पालाको सार्थवाह (व्यापारीहरुको नाइके ) रत्नसंघले रत्नेश्वर महादेव स्थापना गर्ने क्रममा कुँदिएको अभिलेख १३३६ (संवत् ३९९) मा पाइन्छ । जसमा रत्नसंघले रत्नेश्वर महादेवलाई विभिन्न ठाउँको खेत चढाउने क्रममा खोपृङग्राम प्रदेशको ६०० भूमी पनि चढाएको भन्ने बुझ्न आउँछ । यस्तै अर्को अभिलेख भक्तपुरको गोलमढी टोलको राजा शिवदेव तथा अंशुवर्मा १४५३ (संवत् ५१६) मा कुथेरका अधिकृतहरु त्रिकर ( भाग, भोग, कर नामक तीन थरी मुख्य कर ) उठाउन मात्र माखोपृंम्सतलद्रङ्गमा पस्नु भनेको पाइन्छ ।[४]

तत्कालिन समयमा प्रशासनिक आधारमा विभाजित वस्तीहरु ग्राम, तल, द्रङ्ग मध्ये द्र सबैभन्दा विकसित वस्ती थियो । यस अभिलेख अनुसार भक्तपुर पनि प्राचीन व्यापार केन्द्र थियो भन्ने बुझ्न आउँछ । संवत् ५१६ कै तुलाछेटोलको शिवदेव तथा अंशुवर्माको अभिलेखमा खृपृङ्गग्रामे उल्लेख भएको पाइन्छ । यस अभिलेख अनुसार माखोपृम् दङ्गका बासिन्दाहरुलाई प्रशासन सम्बन्धि केहि अधिकार सुम्पेको लगत्तैपछि त्योसँगै रहेको खृपृङ्गग्रामलाईै पनि त्यहि अधिकार सुम्पेको यताबाट बुझ्न आउँछ । यस अभिलेखमा खृपृङ्गग्रामे आसूर्यविधु निवासिन : भन्ने उल्लेख पाएकोले खृपृङ्ग बस्ती अति पुरानो भन्ने आभाष पाइन्छ । बाटोघाटो आदिको सुविधाले माखोपृङ्ग बढी विकास भई व्यापारिक केन्द्र बन्यो र त्यसले द्रङ्गको रुप लियो । खृपृग्रामको चाहि त्यत्ति विकास हुन सकेन ।

खोपृङ्ग, माखोपृङ्ग, खृपङ्ग आधुनिक भक्तपुरको तीन क्षेत्रहरु हुनसक्छ । हालको गोलमढी टोललाई लिच्छवि कलमा माखोपृङ्ग भनिन्थ्यो । जो अहिले भक्तपुरको केन्द्रमा पर्दछ । लिच्छविकालमा खृपङ्ग तुलाछे टोलमा र माखोडुलङ्ग कुमाले टोलमा विकास भएको थयो । त्यसबेला माखोपृङ्ग पश्चिममा खृपङ्ग सम्म, माखोडुलुङ्ग उत्तर पश्चिममा र च्यामसिंग पूर्वमा फैलिएकोछ ।[५]

---

[४] धनबज्र बज्राचार्य, *लि.अ.* ( त्रि.वि.वि. को:सिनास, २०३०)पृ.५०।

[५] पुरुषोत्तम लोचन श्रेष्ठ र तुलसी राम बैद्य , भक्तपुर राजदरबार ( त्रि. वि. वि.को : सिनास २००२ ) पृ. २ ।

केहि समय यता घरको जग निर्माण क्रममा लिच्छविकालिन क्षेत्र तथा टेराकोटाको अवशेष पाएको आधारमा लिचछविकालिन बस्ति पूर्वमा च्यामसिंह तथा पश्चिममा टुलाछे टोल सम्म फैलिएको अनुमान गर्न सकिन्छ । जनसंख्याको बृद्धि तथा बढ्दो आवादीको कारण मध्यकालमा यहाँ ठूलो परिवर्तन आयो । माखोपरिङ्ग द्रङ्गमा भौतिक परिवर्तन भए भने तल तथा द्रङ्ग टोलमा परिवर्तन भए । जस्तै गोलमडु टोल हाल गोलमढी टोल, चाछे टोल, टुयालाछे (टुलाछे) टोल, छानिगल(छशुखेल छशुख्या) आदि ।

भक्तपुरलाई बाह्रौं शताब्दीमा भक्तग्राम संज्ञा दिएको पाइन्छ । मध्यकालमा नेवारी भाषा, भेषभुषाम, रहनशहन आदिमा अत्यधिक विकास भयो । नेवारी भाषाको प्रयोग तथा बोलीचालीमा मात्र नभएर अभिलेख, ठाउँको नाम तथा अन्य कुराहरुमा पनि भयो । यसैले भक्तपुरलाई आज पनि नेवारहरु नेवारी भाषामा "खोप" भन्दछन् ।

यस भक्तपुर जिल्लामा ९० प्रतिशत भन्दा पनि बढि नेवार जातिहरु बसोबास गर्दछन् । वास्तवमा नेवार जात वा थर मात्र नभई नेपाल कै पर्यवाची शब्द हो । कारण नेपालको एकिकरण पूर्व काठमाडौं उपत्यकालाई नेपाल तथा यहाँ बसोबास गर्ने जुनसुकै जात वा धर्मालम्बीहरुलाई पनि नेवाल, नेवार वा नेपाल भनिन्थ्यो । इतिहासको अध्ययन गर्दै जाँदा नेवार नेपाल राष्ट्रियताको पर्यवाची हो भन्ने थाहा हुनआउँछ । नेवार राष्टियता भित्र हिन्दु तथा बौद्ध धर्मालम्बीहरु पउँछौं । नेवारहरुले बोलिने भाषालाई नेपाल भाषा भनिन्छ । जुन भोट बर्मेली भाषा भित्र रहेको मानिन्छ । जसमा रञ्जना, भूजिंभोल र प्रचलित नेवारी लिपि प्रयोग गरिन्छ ।

**२. समस्या कथन**

राष्ट्रिय कला स्थापना श्री ५ को सरकार संस्कृत, पर्यटन तथा उड्यन मंन्त्रालयको पुरातत्व विभाग अन्तर्गत भएको हो । यो कला संग्रहालयको स्थनापना भक्तपुरको सिंहढोका दरबारमा गरेकोछ । अन्य संग्रहालयको दाँजोमा यहाँ संग्रहित कलाकृतिहरु थोरै भएपनि स्तरिय तथा मौलिकताको पहिचान गराउँछ । तसर्थ यस शोधकार्यमा निम्न बुँदाहरुलाई समस्या कथनको रुपमा लिइनेछ ।

२.१ संग्रहालयको विकास

२.२ नेपालमा संग्रहालयको विकास

२.३ भरक्तपुरको राष्ट्रिय कला संग्रहालय

२.४ यहाँ संग्रहित ढुङ्गाका कलावस्तुहरु

**३. अध्ययनको उदेश्य**

३.१ यस शोध कार्यको प्रमुख उदेश्य त्रि.वि.वि.को स्नातकोत्तर तहको नेपाली इतिहास, संस्कृति तथा पुरातत्व विषयको दशौं पत्रको आंशिक परिपूर्तिको गरि स्नातक तहको उपाधि हासिल गर्नु हो ।

३.२ यस राष्ट्रिय कला संग्रहालयको थालनी तथा संग्रहालयबाट संग्रहित ढुङ्गाका कलावस्तुहरुको धार्मिक तथा सामाजिक पक्षको अध्ययन गर्नु हो ।

**४. महत्व**

भक्तपुर नगर प्राचीनकालदेखि नै बस्ती रहेको महत्वपूर्ण शहर हो । अन्य शहरहरु भन्दा यसले आफ्नै अद्धितिय पहिचान बोकेकोछ । यसको प्रत्येक टोलमा नेपाली कला संस्कृती झल्काउने पुरातात्विक प्रमाण फेला पार्न सकिन्छ । नेपाली कला संस्कृतीहरुलाई सामूहिक रुपमा उदाहरण स्वरुप प्रस्तुत गर्ने काम भक्तपुरको यस राष्ट्रिय कला संग्रहालयले गरेको छ । यसैले यहाँ प्रदर्शित कलावस्तुहरु मध्ये प्रस्तरकलाको अध्ययन यस शोध कार्यमा गरिनेछ ।

**५. अध्ययनको सिमाहरु**

यस शोध कार्यको अध्ययन क्षेत्र मुख्य रुपमा भक्तपुरको राष्ट्रिय कला संग्रहालमा प्रदर्शित तथा अप्रदर्शित ढुङ्गाको कलावस्तुहरुमा केन्द्रित रहनेछ ।

**६. पूर्व कार्यको समीक्षा**

नेपाली कलाहरुको बारेमा विभिन्न स्वदेशी तथा विदेशी लेखकहरुद्वारा पुस्तकहरु प्रकाशित गरेको पाइन्छ । जुन यस शोध कार्यको लागि सहायक सिद्ध हुन्छ । नेपालको संग्रहालयको बारेमा प्राय कम पुस्तकहरु प्रकाशित भएको पाइन्छ । यसैले यस कला संग्रहालयको बारेमा अध्ययन गरी शोध गर्न लागेको हो । जसको लागि विभिन्न विद्वानहरुद्वारा रचित पुस्तकहरु तथा लेखहरुको अध्ययन गरिएको छ ।

६.१. भक्तपुर राजदरबार : तुलसी राम बैद्य तथा पुरुषोत्तम लोचन श्रेष्ठ : सिनास : त्रि.वि.वि. २००२

यस शोध पुस्तकमा भक्तपुरको मध्यकालिन राजकुल, राजदरबार तथा सांस्कृतिक कृयाकलापहरु बारे वर्णन गरिएकोछ । जस मध्ये यस शोध कार्यको लागि भक्तपुर तथा मध्यकालिन दरबार बारे जानकारी लिइएकोछ ।

६.२ ख्वप्राङ् स्मारिका ( २०४९, अङ्क १)

यस पत्रिकाको पृ. ५९ मा भक्तपुरको केहि मुख्य व्यक्तिहरुसँग अन्तरवार्ता लिइएकोछ । जस मध्ये भक्तपुरको राष्ट्रिय कला संग्रहालयको प्रमुख कृष्ण प्रसाद श्रेष्ठसँग लिइएको अन्तरवार्ता यस शोध कार्यको लागि सहयोगी भएको छ ।

६.३ नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन : लीलाभक्त मुनकर्मी, २०३१

यस पुस्तकमा प्राचीनकालदेखि मल्लकाल सम्मको राजनिति तथा संस्कृतिको वर्णन गरिएकोछ । जसमध्ये यस शोध कार्यको लागि यसको मल्लकालिन इतिहास अध्ययन गरिएकोछ ।

६.४ लिच्छविकालिन अभिलेख : धनबज्र बज्राचार्य, २०३०

यस शोध पुस्तकमा लिच्छविकालिन अभिलेख, त्यसको उल्था गरिएकोछ । जसले नेपालको प्राचीन तथा लिच्छविकालिन कृयाकलापहरुको अध्ययन गर्न मद्दत मिलेको छ ।

६.५ म्युजियम इन नेपाल : पशुपति कुमार दुबेदी, १५ डि. १९७६

यस शोध पुस्तकमा संग्रहालयको परिचय, कार्यहरु, किसिमहरु आदि वर्णन गरेको छ । यस पुस्तकको अध्ययनबाट संग्रहालय भनेको हो ? यसको कार्यहरु के के हुन् ? नेपालमा संग्रहायको स्थापना कहिलेदेखि भयो आदि बारे ज्ञान पाइयो ।

६.६ दि आर्ट अफ नेपाल : प्रतापादित्य पाल, १९७४ ई

यस पुस्तकमा शैव, वै❺णव, शाक्त, बौद्ध एवं पिश्रित मूर्तिहरुमा पाइने प्रतिमा लक्षण तथा यी धर्मसँग सम्बन्धित देव,देवटाहरुको छविचित्रहरु पनि दिइएकोछ । जसले मेरो यस शोध कार्यमा मूर्ति चिन्न तथा आयुधहरुको वर्णन गर्न मद्दत मिलेको छ ।

६.७ प्राचीन नेपाली मूर्तिकलाको ईतिहास( ईशापूर्व प्रथम शताब्दीदेखि ईशाको पाँचौ शताब्दी ) लैनसिंह वाङदेल, २०३९

यस पुस्तकको अध्ययनबाट मूर्ति निर्माणको विकास तथा नेपालको प्राचीन मूर्तिहरु बारे जानकारी पाइयो । जसले मेरो यो शोध कार्यको लागि प्राचीन तथा मध्यकालिन मूर्ति बारे फरक छुट्याउन मद्दत मिल्यो ।

**७ अध्ययनको पद्धति**

७.१ भक्तपुर तथा यहाँको राष्ट्रिय कल संग्रहालयको थालनी तथा यस संग्रहालयमा प्रदशित तथा अप्रदशित ढुङ्गाको कलावस्तुहरु बारे अध्ययन गरिनेछ ।

७.२ माथि उल्लेखित अध्ययन पद्धती सम्बन्धित स्थानमा गएर प्रत्यक्ष अवलोकन गरेर, सम्बन्धित व्यक्तिसँग प्रत्यक्ष छलफल तथा छविचित्रद्वारा सम्पन्न गरिने छ ।

# दोश्रो अध्याय

# संग्रहालय

**अर्थ**

संग्रहालयमा “आलय” प्रत्यय लागेर संग्रहालय शब्द बनेको हो । जसले संग्रह वा जम्मा गर्ने स्थानलाई बुझाउँछ । मानवमा चेतनाको विकास भएदेखि नै संग्रह गर्ने कार्यको पनि विकास भएको हो । मानिसहरुले आफ्नो आवश्यक वस्तुहरुको साथसाथै अन्य कुराहरुको पनि संग्रह गर्न थाले । आफ्नो विभिन्न ठाउँको भ्रमणको क्रममा तथा कसैबाट उपहार स्वरुप पाएको वस्तुहरु संग्रह गर्न थाल्यो । यिनै संग्रहित वस्तुहरु राख्ने स्थानको रुपमा संग्रहालयको विकास भएको हो ।

ल्याटिन शब्द “म्यूजियम” ग्रीक शब्द “म्यूज” बाट आएको हो । जसले ग्रीस भाषामा कला र विज्ञानको देवीहरुको मन्दिर भन्ने बुझाउँछ । जस अनुसार संग्रहालयलाई मनोरंजन तथा आनन्द लिने स्थान भन्ने बुझाउँछ ।

संग्रहालयको अन्तराष्ट्रिय संगठन “आईकम”का अनुसार कुनै पनि संस्था जसको उदेश्य सर्वसाधारणको जानकारीको लागि कला, ईतिहास, विज्ञान आदिसँग सम्बन्धित वस्तुहरुको संकलन, संरक्षण तथा प्रदर्शन गर्नु हो ।[६]

अक्सफोर्ड शब्दकोष परिभाषामा प्राकृतिक, ऐतिहासिक तथा कलासँग सम्बन्धित वस्तुहरुको संकलन तथा प्रदर्शन गर्ने भवनलाई संग्रहालय भनिएकोछ ।

संग्रहालयलाई उर्दू भाषामा “अजायब-घर” पनि भनिन्छ । जहाँ विभिन्न अजीव, जीव जन्तुदखि प्राकृतिक जीव जगतका वस्तुहरु संग्रह गरिन्छ । यस्ता संग्रहायहरुमा हाम्रा पूर्वजहरुले प्रयोग गरेका वस्तुहरु पनि संग्रह गरेको हुन्छ ।

संग्रहालयलाई क्यूरियो कलेक्सनको रुपमा पनि लिन सकिन्छ । जहाँ संग्रहित वस्तुहरुले मानिसहरुमा “जीज्ञाषा” पैदा गर्दछ ।

---

[६] पशुपति कुमार दुबेदी, *म्युजियम इन नेपाल* (एसएमटि : शुशिला दुबेदी, काठमाडौं २४, १५डि. १९७६) पृ.५७।

तसर्थ संग्रहालयले भन्नाले त्यस्तो स्थान हो । जहाँ सर्वसाधारणको चाहना अनुसार कला, इतिहास, संस्कृती, विज्ञान आदिसँग सम्बन्धित वस्तुहरु संग्रह गर्दछ । संग्रहित वस्तुहरुको प्रदर्शन तथा संरक्षण पनि गर्दछ । साथसाथै उक्त वस्तुहरुको अध्ययन अनुसन्धानको लागि अवसर पनि प्रदान गर्नु हो ।

कुनै पनि संग्रहालय स्थापना गर्नु अगाडी कस्तो वस्तुहरुको संग्रह गर्ने तथा संकलित वस्तुहरुको कसरी संरक्षण, प्रदर्शन, संरक्षण तथा प्रबर्द्धन गर्ने भन्ने कुराको निर्णय गर्नु पर्दछ । संग्रहालयले शिक्षित तथा अशिक्षित सबै किसिमको व्यक्तिहरुलाई समान किसिमको मनोरंजन प्रदान गर्दछ । साथसाथै यसले अशिक्षित व्यक्तिलाई पनि केहि न केहि कुराको जानकारी दिइराखेको हुन्छ । कारण यहाँ जो कोहिले पनि प्रत्यक्ष अवलोकन गर्न सक्छ ।

**संग्रहालयको विकास**

विभिन्न वस्तुहरुको संग्रह गर्ने क्रममा संग्रहालयको विकास भएको हो । मानिसहरुको संग्रह गर्ने प्रवृत्ति मानव सभ्यताको विकास कालदेखि नै अप्रत्यक्ष रुपमा भएको थियो । प्रागऐतिहासिक कालमा मानिसहरुले आफ्नो मनको भावना व्यक्त गर्न गुफाका भित्ताहरुमा विभिन्न आकृतीहरु कोर्ने गर्दथे । जसलाई आज हामी प्रागऐतिहासिक संग्रहको रुपमा लिनसक्छौं । यस्ता संग्रह युक्त गुफाहरुमा अल्टामिरा, क्याष्टिलो, दोरदोग्ने, फन्टेगन आदि बहुचर्चित छन् । पछि मानिसहरुले आफ्नो व्यक्तिगत सौखले विभिन्न वस्तुहरु संग्रह गर्न थाले । यस्तै अरुबाट उपहार स्वरुपमा पाएको वस्तुहरु पनि संग्रह गर्न थाले ।

ई.पू. तेश्रो शताब्दीमा ईजिप्टको अलेक्जेन्ड्रियाबाट सैद्धान्तिक ढंगबाट संग्रहालयको शुरुआत भएको थियो । ई.पू. तेश्रो शताब्दी देखि ईशाको छैंठौं शताब्दीमा धार्मिक तथा आद्यात्मिक समाजको विकास भएको थियो । यस युगको अन्तमा नागरीक लडाईं भएको थियो । जसले यस युगमा बनेका तथा संग्रहित सबै वस्तुहरु नष्ट भयो । यस युगदेखि नै संग्रहालयको विकास भएको थियो भन्ने अनुमान लगाउन सक्छौं । यसपछि पुनर्जागरणको युग शुरु भयो । यस बेला मानाव चेतनामा बढि विकास भयो । जुन बेला अध्ययन अनुसन्धानको लागि मानिसहरु विभिन्न स्थानमा जाने तथा त्यहाँबाट विभिन्न वस्तुहरुको संग्रह गर्न थालियो । संग्रहालयको विकासको क्रममा सर्वप्राचीन संग्रहालयको अवषेश तथा त्यहाँ संग्रहित केहि वस्तुहरु एफ.पेट्रीले वि.सं. १९५५(ई.१८९८) मा मिश्रमा उत्खनन गर्दा प्राप्त गरेको थियो । जसको स्थापना रामाशेस्

द्वितीयले ईशापूर्व तेह्रौं शताब्दीमा गरेका थिए । जुन संग्रहालयको स्थापना यिनले आफुनो व्यक्तिगत रुचीका विभिन्न स्थानबाट प्राप्त प्राचीन वस्तुहरु संग्रह गर्ने क्रममा भएको थियो । रामशेस् द्वितीय पछि नवोनिदश ई. पूर्व छैंठौं शताब्दीमा बेबिलोनपमा एक संग्रहायको स्थापना गरे । जहाँ यिनले प्राचीन भग्नावशेष उत्खनन् गर्ने क्रममा प्राप्त भएको वस्तुहरु संग्रह गरेका थिए ।

पन्ध्रौं शताब्दीमा इटालीमा फ्लोरेन्स नामक प्रथम संगठित कला तथा विज्ञान संग्रहालयको स्थापना गरियो । जसमा प्राकृतिक वस्तुहरुबाट बनाइएको औषधी, साबुन, स्याम्पु, आदि संकलन गरिएको थियो । जहाँ व्यवस्थित ढंगबाट ती वस्तुहरु संग्रह गरेको थियो । यो समयदेखि संग्रहालयको सिद्धान्तले विश्वव्यापी रुप लियो । १६ औं शताब्दीदेखि संग्रहालय संगठित रुपमा विकास भयो । १७ औं शताब्दीमा बेलायतको अक्सफोर्ड विश्वविद्यालयमा आधुनिक संग्रहालयको स्थापना भयो । जुन वि.सं. १७४०(ई.१६८३)मा औपचारिक रुपमा सर्वसाधारणको लागि खुल्ला गरियो । यस संग्रहालयको नाम अस्मोलिन थियो । वि.सं.१८१०(सन् १७५३)मा विश्व प्रसिद्ध ब्रिटिश संग्रहालय ह्यान्स स्लोअन नामक चिकित्सकले वस्तुहरु वस्तुहरु संग्रह गर्ने उदेश्यले खोलियो । जुन व्यक्तिगत संग्रहालय थियो । वि.सं. १९२६(१८६९ ए.डी.)मा अमेरीकन म्युजियम अफ नेचुरल हिस्ट्री, वि.सं.१९२७ (१८७० ए.डी.) मा मेटोपोलिटन अफ आर्ट, १८७९ ए.डी.मा आर्ट इन्च्युड अफ सिकागो जस्ता संग्रहालयहरुको स्थापनाले संग्रहालयको विकासमा ठूलो योगदान मिल्यो । वि.सं. २००७(सन् १९५०) देखि संग्रहालयको विकास पृथक ढंगबाट भयो । आईकम -इन्टरनेशनल हाउन्सिल अफ म्यूजियम), आई. आई. सी.(इन्टरनेशनल इन्सिचयुड अफ कन्जरभेसन) आदि जस्ता संग्रहालयसँग प्रत्यक्ष सम्पर्क राख्ने संघ संस्थाले संग्रहालयको विकासमा ठूलो योगदान पुऱ्यायो । क्रमश अर्थ उपार्जन,सामुद्रीक यात्रा तथा हवाई यात्रा जस्ता तत्वले संग्रहालयको सोचमा तिव्रता दिन सक्यो । यसै समयमा जेम्स स्मिथसन नाम गरेको व्यक्तिले सरकारी क्षेत्रको मात्र दायित्व नभइ व्यक्ति तथा समुदायको पनि संग्रहालयमा संलग्नता हुनु पर्छ भन्ने धारणालाई आर्थिक सहयोग तथा सरसल्लाह दिई संग्रहालयको विकासलाई थप योगदान पुऱ्यायो । उनले स्मीथसन नामक संस्था स्थापना गऱ्यो ।

यसको उदेश्य संग्रहालय सम्बन्धि ज्ञान मानव सपक्ष पुऱ्याउनु थियो । यसपछि भारतको कलकत्तामा संग्रहालयको स्थापना भयो । जुन भारतको सब भन्दा पुरानो संग्रहालय हो । २०औं शताब्दीमा आएर संग्रहालयको अझ बढि विकास भयो । यसरी विभिन्न वस्तुहरुको संग्रह गर्ने क्रममा संग्रहालयको विकास भएको हो । मानिसहरुले आफ्नो ईच्छाले वा अरुबाट उपहार पाएका वा विभिन्न देशविदेश भ्रमणको क्रममा वस्तुहरु संकलन गर्न थाले । यिनै संकलित वस्तुहरु राख्ने स्थानको रुपमा संग्रहालयको विकास भएको हो ।

# तेश्रो अध्याय

# नेपालमा संग्रहालयको विकास

ne]पालमा पनि संग्रहालयको शुरुआत विभिन्न कलावस्तुहरुको संग्रह गर्ने क्रममा भएको हो । तथ्य प्रमाणको अभाव भएतापनि यस्ता वस्तुहरुको संग्रह गर्ने कार्यको विकास प्राचीन कालदेखि भएको थियो भन्ने अनुमान लगाउन सक्छौं । जसले हामीलाई तत्कालिन समयका भाषा, धर्म, कला, ईतिहास आदिको अनुमान लगाउन सक्छौं । जस्तै : चागुनारायण क्षेत्र । जसलाई आज हामी खुला संग्रहालयको रुपमा लिन सक्छौं । जहाँ राजा मानादवले आफ्नो विजय जयगान उल्लेख गरेको शिलास्तम्भ विभिन्न अवतारको बैश्रवण मूर्ति, तल्लेशैलीको मन्दिर आदि देख्न सक्छौं । जसले हामीलाई लिच्छविकालिन भाषा, धर्म, सस्कृती, ईतिहास, आदि बारे जानकारी दिन्छ । उपत्यकको तीन प्रमुख शहरहरु काठमाडौं, पाटन र भक्तपुर जसलाई आज हामी खुला संग्रहालयको रुपमा देख्न सक्छौं । मल्ल राजाहरु बीचको राजनैतिक प्रतिस्प्रर्धाले मल्ल राजकुल नै पतन गरायो भने सांस्कृतिक प्रतिस्प्रर्धाले यी तीनै शहरहरुलाई उत्कृष्ताको उच्चतम विन्दुमा पुऱ्यायो । प्रत्येक दरबार प्रतिस्प्रर्धात्मक रुपमा कलावस्तुहरुको स्थापना तथा संग्रह भएको देखिन्छ । जस्तो यी तीनै दरबार क्षेत्रहरुमा कृष्ण मन्दिरको स्थापना गरीएकोछ । यस्तै तीनै शहरहरुमा तुलजा भवानीको मन्दिर बनाएकोछ । आदि । यसैले यी तीन शहर मध्ये प्रत्येक शहरको दरबार क्षेत्रलाई खुला संग्रहालयको रुपमा अध्ययन गर्न सक्छौं । उपत्यकाको तीनै वटा दरबारहरुमा आ आफ्नो दरबार सिगार्ने प्रतिस्प्रर्धामा प्राचीन वहुमुल्य वस्तुहरु संकलित थियो । यसैले मल्ल राजवंशको पतन पछि यी तीनैवटा दरबारहरुलाई संग्रहालयको रुपमा लिइयो । तर यी तीनै दरबारहरु संग्रहालको लागि उपयुक्त भवनहरु हैन । नेपालको पहिलो राष्ट्रिय संग्रहालय छाउनीको राष्ट्रिय संग्रहालय हो । वि. सं. २००९(ई.सं.१९५२) मा पुरातत्व विभागको स्थापना भयो । जसको मुख्य उदेश्य नेपालको पुरातात्विक वस्तुहरुको अनुवेषण, उत्खनन, विश्लेषण, संबर्द्धन आदि गर्नु हो । हाल संग्रहाल यसै विभाग अन्तर्गत संचालित छ । वि.सं. २०१३ (ई. सं. १९५६) प्राचीन स्मारक संरक्षण सम्बन्धि ऐन बन्यो । जसले सरकारी तथा गैर सरकारी स्तरमा संग्रहालयहरुको स्थापना हुन मद्दत मिल्यो । नेपालको प्रत्येक विकास क्षेत्र तथा गाउँ विकास समितीहरुमा संग्रहालयहरुको स्थापना गर्ने उदेश्य लिइएकोछ । यस्तै गरी सबन्धित क्षेत्रको जानकारी दिने उदेश्यले संग्रहालयको स्थापना गरिएकोछ । जसलाई क्षेत्रिय संग्रहालय भनेर जानिन्छ । यस्ता संग्रहालयहरुले सम्बन्धित क्षेत्रको अध्ययन अनुसन्धान गर्न मद्दत गर्दछ ।  जस्तो : लुम्बिनी संग्रहालय, भेडीयारी संग्रहालय, सैनामैना संग्रहालय आदि । अहिले प्रत्येक संस्कृती, जात, मनोरंजन, आदिसँग सबन्धित संग्रहालयहरुको स्थापना भैरहेकोछ ।

नेपालमा संग्रहालयका विकास गहिरेर अध्ययन गरेको खण्डमा प्राचीनकल देखि नै भएको थियो भन्ने थाहा हुन्छ । जसले तत्कालिन भाषा, ईतिहास, धर्म, संस्कृती आदि बारे जानकारी दिन्छ । मल्लकालमा आफ्नो शहर, दरबार तथा दरबारको कोठाहरु सिगार्ने क्रममा कलात्मक वस्तुहरु संग्रह गर्ने क्रमको विकास भएको थियो । व्यवस्थित ढंगबाट संग्रहालयको विकास मल्लकाल पछि भएको थियो ।

# नेपालका केही संग्रहालयको छोटो परिचय

### राष्ट्रिय संग्रहालय :

यस संग्रहालयको स्थापना भीमसेन थापाको निवास छाउनीमा वि.सं.१९८५(१९२८ई) भएको थियो । यो ऐतिहासिक भवनको निर्माण भीमसेन थापाले १९ औं शताब्दीमा गरेको थियो । यो संग्रहालयको प्रारम्भिक नाम "छाउनी सिलखाना" जसको अर्थ गोली बारुद र हातहतियारको भण्डार घर भन्ने हुन्छ । जहाँ युद्धमा जितेका तथा उपहार स्वरुप पाएका हातहतियारहरु संकलित थियो । जहाँ तत्कालिन राणा परिवार तथा उनीहरुको पाहुनाहरुको लागि मात्र प्रवेश खुल्ला थियो । वि. सं. १९९५ मा तत्कालिन जुद्ध शमशेर राणाले यस संग्रहालयलाई सार्वजनिक संग्रहालयको रुपमा खुल्ला गरियो । यिनले सर्वसाधारणहरुलाई न्युनतम शुल्कमा प्रवेश खुल्ला गरायनुको साथसाथै यहाँ कला संग्रहालयको भवनको पनि

निर्माण गर्न लगाए । उनी पछि यस संग्रहालयलाई “जुद्ध जातिय संग्रहालय” नाम दिइयो । वि.सं. २०२४ सालमा यो संग्रहालयको नाम “राष्ट्रिय संग्रहालय” राखियो ।

**हनुमान ढोका दरबार संग्रहालयः**

यो संग्रहालय काठमाडौंको मल्लकालिन राजदरबार हनुमान ढोका दरबार क्षेत्र भित्र रहेकोछ । यसको स्थापना वि. सं. २०१९ सालमा भएको थियो । यहाँ त्रिभुवन तथा महेन्द्रको जीवनीसँग सम्बन्धित वस्तुहरु संग्रहित छन् । यसैले यहाँको संग्रहालयलाई त्रिभुवन स्मृती संग्रहालय तथा महेन्द्र स्मृती संग्रहालय गरी दुइ भागमा वर्गिकरण गरिएकोछ । यो संग्रहालय भित्र मुद्रा संग्रहालय पनि थियो । हाल यस संग्रहालयलाई राष्ट्रिय संग्रहालय, छाउनीमा सारिएकोछ । यस संग्रहालयमा नेपालका विभिन्न प्राचीन तथा अन्य मुद्राहरु संग्रह गरेकोछ ।

**पाटन संग्रहालय :**

यो संग्रहालय पनि पाटनको मल्लकालिन दरबारमा नै संचालित छ । यो मल्लकालिन दरबार भएतापनि यहाँका केहि कलावस्तुहरुका नमूनाहरुले लिच्छविकालिन ईतिहासको जानकारी दिन्छ । यस संग्रहालयको स्थापना वि.सं. २०१९मा गरिएको हो । यस संग्रहालयमा मुख्यतः धरौटका कलावस्तुहरु प्रदशित छन् । काष्ठ तथा अन्य कलावस्तुहरु पनि केहि मात्रामा प्रदर्शित छन् । यहाँ रहेको कलावस्तुहरु हिन्दु तथा बौद्धधर्मसँग सम्बन्धित छन् । यो संग्रहालय दरबार भएतापनि कलावस्तुहरु प्रदर्शित यहाँको कक्षहरुमा आधुनिक संग्रहालयका गुणहरु उपलब्ध गरीएकोछ । यस संग्रहालयको केहि भाग पुरानै अवस्थमा छ भने केहि भागको पुननिर्माण कार्य नेपाल सरकार तथा अष्ट्रेलिया सरकारको संयुक्त सहयोगमा भएको हो ।

**पाटनको पुरात्तात्विक वगैंचा**

यसको स्थापना वि.सं. २०१९ सालमा भएको भएतापनि सर्वसारधारणको यो हाल सम्म पनि खुल्ला गरिएको छैन । यहाँ लगभग ५०० ढुङ्गाको मूर्तिहरु संग्रहित छन् ।

**भक्तपुरको राष्ट्रिय संग्रहालय :**

यो संग्रहालयको स्थापना वि.सं. २०१७ सालमा गरिएको हो । यो संग्रहालय भक्तपुरको सिंहढोका दरबार तथा पचपन्ने झ्याले दरबारमा संचालित छ । यहाँ ढुङ्गाको कलावस्तुहरु, ग्रन्थचित्र, थाङ्काचित्रहरु तथा भित्तेचित्रहरु संग्रहित छन् । हाल पचपन्ने झ्याले दरबारको पुननिर्माण कार्य भैरहेकोछ ।

**काष्ठकला संग्रहालय**

यो संग्रहालय भक्तपुरको पुजारी मठमा संचालित रहेको छ । यो मठशैलीमा बनाएको दरबार वास्तुकला हो । यो दरबार स्थापना १५ औं शताब्दीमा राजा यक्ष मल्लले गरेका हुन् । यो दरबार दत्तात्रेय क्षेत्रम पर्दछ । यहाँ प्रदर्शित काठका कलावस्तुहरु भने यहाँको झ्याल, ढोका, खम्बाहरु तथा तुडालहरुमा कँदिएका १५ औं शताब्दीका कलाहरु हुन् । यस्तै गरि यहाँ नृत्यदेवी, पुजादेवी, बुद्ध तथा अन्य काठका देवी देवटाहरु प्रदर्शित छन् ।

**काँस तथा पित्तल संग्रहालय :**

यो संग्रहालय चिकं फः मठमा संचालित छ । यो पनि मठशैलीमा बनाएको दरबार वास्तुकलाको नमूना हो । यो पुजारी मठको ठिक अगाडी पर्दछ । यो टोललाई टचपल टोल भनिन्छ । यस संग्रहालयमा कुनै पनि मूर्तिहरु प्रदशित छैनन् । यहाँ मल्लकालिन भाँडावर्तनहरु, श्रृगारका सामानहरु तथा लेखन सामाग्रीहरु प्रदर्शित छन् ।

**प्राकृतिक विज्ञान संग्रहालय :**

यस संग्रहालको स्थापना वि.सं. २०३२ सालमा भएको हो । यो संग्रहालय त्रिभुवन विश्वविद्यालयको विज्ञान विभागको डिनको कार्यालयको एक भाग हो । यस संग्रहालय हिमाल भेगतिरको पुतली, सर्प, विरुवा तथा दुर्लभ पंक्षीहरु, किराफट्यांग्राहरु संग्रहित छन् ।

**पुरात्तात्विक क्षेत्रिय संग्रहालय :**

यो संग्रहालय लुम्बिनी अञ्चल तौलिहवा जिल्लाको कपिलवस्तु जिल्लामा पर्दछ । जसको स्थापना वि.सं. २०१९ मा भएको हो । यहाँ टेराकोटा कलावस्तुहरु तथा मुद्राहरु प्रदशित छन् ।

हाल प्रत्येक क्षेत्रमा आ आफ्नो आवश्यकता अनुसार संग्रहालहरु स्थापना गरिएकोछ । जस्तो नेपाल पर्यटन बोर्ड तथा नेपाल राष्ट्रिय जनजातिय संग्रहालय मिलेर जातिय संग्रहालयको स्थापना गरियो । जुन नेपाल पर्यटन बोर्डको पहिलो तल्लामा संचालित छ । जहाँ ११ विभिन्न जात थकाली, शेर्पा, तामाङ्ग, गुरुङ्ग, राई, चेपाङ्ग, ज्यापु, मगर, सुनुवार, थारुसँग सबन्धित विषयवस्तुहरु प्रदर्शित छन् । यस्तै गरी विभिन्न बाजाहरुको जानकारी दिने उदेश्यले बाजा संग्रहालयको स्थापना गरिएकोछ ।

# चौथो अध्याय

# राष्ट्रिय कला संग्रहालयको इतिवृत्त

भक्तपुरको पुरानो मल्लकालिन दरबारमा हाल "राष्ट्रिय कला–संग्रहालय" को रुपमा प्रदर्शन कक्षको व्यवस्था गरिएको छ। यस संग्रहालय भित्र मूर्त तथा अमूर्त नेपाली कलाकृतिहरु संग्रहित छन्। यसोत, पुरानो भक्तपुर शहर सिंगै नै खुला–संग्रहालयको रुपमा नचिने होइन। यस खुला संग्रहालयभित्र स्थापित यस कला संग्रहालयको उट्घाटन स्व. प्रधानमन्त्री विशेश्वरप्रसाद कोइरालाले २०१७ साल असार १७ गते स्व. श्री ५ त्रिभुवनको जन्मजयन्तीको अवसरमा गर्नु भएको थियो।

वि. सं. २००९ सालमा पुरातत्व विभागको स्थापना तथा वि.सं. २०१३ सालमा प्राचीन स्मारक सम्बन्धि ऐन बन्यो। यसपछि नेपालमा क्षेत्रिय तथा स्थानिय संग्रहालयहरुको स्थापना भयो। क्षेत्रिय संग्रहालय कुनै पनि निश्चित क्षेत्रको विज्ञान , कला , संस्कृती आदी बारे जानकारी दिने उदेश्यले स्थापना भएको संग्रहालय हो। स्थानिय संग्रहालय भन्नाले कुनै पनि निश्चित स्थानको जानकारी दिने उक्त स्थानमा पाईने प्रमुख कला , इतिहास , संस्कृती , विज्ञान आदिसँग सम्बन्धित वस्तुहरु संग्रह गरिएको संग्रहालय भन्ने बुझाउँछ। जस्तो कुनै स्थानमा उत्तखननको क्रममा पुरानो दरबारको भग्नावषेश फेला पऱ्यो भने त्यहाँ फेला परेको वस्तुहरु मात्र संग्रह गरेर संग्रहालयको स्थापना गरिन्छ भने त्यसलाई स्थानिय संग्रहालय भनिन्छ। स्थानिय संग्रहालयको दाजोमा क्षेत्रिय संग्रहालयको क्षेत्र ठूलो हुन्छ.

यस राष्ट्रिय कला संग्रहालयमा भक्तपुर तथा त्यस वरपर पाइएको कला वस्तुहरु संग्रहित छन्। यो संग्रहालय क्षेत्रिय संग्रहालय हो। शुरुमा यो संग्रहालय शिक्षा तथा संस्कृती मन्त्रालय अन्तर्गत संचालित थियो। यस संग्रहालयको पहिलो प्रबन्धक रमेश जङ्ग थापा थियो। हाल यो संग्रहालय संस्कृती, पर्यटन तथा उड्यन मन्त्रालय अन्तर्गत संचालितछ।

अहिले भक्तपुर दरबार क्षेत्रभित्र प्रवेश गर्दा दायाँतिर शिवलिङ्ग रहेको छ। जसलाई रामेश्वरम् नामले जानिन्छ। बायाँतिर श्री पद्म उच्च माध्यमिक विद्यालय रहेको छ। यो विद्यालय बसन्तपुर दरबारको जगमा निर्माण गरेको हो। बसन्तपुर दरबारको निर्माण राजा जगतप्रकाश मल्लले गर्न लगाएको भन्ने अनुमान गरिन्छ।[५] यस विद्यालयसँगै रहेको भवनलाई चौक्वाथ दरबारको नामले जानिन्छ। जसको निर्माण राजा जगतज्योर्ति मल्लले गर्न लगाएको भन्ने अनुमान गरिन्छ।[६] हाल यस दरबारमा पुलिसहरु बस्दछन्। यस चौक्वाथ दरबारसँगै जोडेर रहेको भवनको नाम सिंहध्वका दरबार हो। जसको निर्माण राजा भूपतिन्द्र मल्लले गराएका हुन्। यसको झ्यालहरुमा ऐनाको प्रयोग गरिएको थियो। त्यस बेला नयाँ चिज राखेको झ्याल भएकोले त्यस झ्यालको नाम नै " *न्हायकंझ्या* " भन्ने खुब प्रसिद्ध थियो।[७] यिनै सिंहध्वखा दरबारलाई हाल राष्ट्रिय कला संग्रहालय नाम दिइएको छ। यो सिंहध्वका दरबारसँगै सूवर्ण ध्वका दरबार रहेको छ। जसको निर्माण राजा रणजित मल्लले गर्न लगाएका हुन्। यस सूवर्ण ध्वका दरबारसँगै पचपन्ने झ्याले दरबार रहेको छ। वि.सं.१७५६(ने. सं. ८१९) मा राजा भूपतिन्द्र मल्लले राजा यक्ष मल्लले शिलान्यास गरेको दरबारमा धैरै किसिमका काठहरुबाट कालिगढी कलाले पूर्ण सिप देखाई रंगविरगीका काँचहरु जडेका झ्यालहरु सहित पचपन्न झ्याल भएको दरबार बनाई दिएको थियो। यो दरबारको भित्तामा राजा भूपतिन्द्र मल्लको विश्वरुप सहितको विभिन्न भित्ते चित्रहरु रहेका छन्।[८] यस दरबारको हाल पुननिर्माण कार्य भइरहेकोछ। यस राष्ट्रिय कला संग्रहालय शुरुमा चित्रकला संग्रहालयको रुपमा संचालित थियो। पछि यस संग्रहालयमा अरु

---

[५] *भक्तपुर दरबार क्षेत्र* ( His Majestry Government, Ministry of Youth Sport and Cult Department of Archaeology, Kath, Nepal )

[६] तुलसी राम वैद्य , पुरुषोत्तम लोचन श्रेष्ठ, *भक्तपुर राजदरबार* (किर्तिपुर : त्रि.वि वि.सिनास,२००२ इस्वी)

[७] ऐजन, पृ.१४०

संग्रहालयहरु धातुकला संग्रहालय, काष्ठकला संग्रहालय तथा चित्रकला संग्रहालय गाभेर राष्ट्रिय कला संग्रहालय भनिन थालियो ।[८]

हाल यो राष्ट्रिय कला संग्रहालय तीन तले भवनको रुपमा अवस्थीत छ। पहिलो तल्ला वा छिडीमा प्रस्तर तथा चित्रकला दोश्रो तल्ला अर्थात् मातनमा शाहवंशीय राजाहरुको छविचित्रहरु, चित्रकला तथा प्रस्तरकलाहरु प्रदशित छन् भने सबै भन्दा माथिल्लो तल्ला अर्थात् चोतमा संग्रहालयको कार्यालय अवस्थीत छ।

## मूल प्रवेशद्वार

यस संग्रहालयको मूल प्रवेशद्वार कलात्मक ढंगले काठबाट बनेकोछ। यसको दायाँ बायाँ ढुंगाको ठूल्ठूला सिंहको एक जोडी द्वरपालेको रुपमा राखिएको छ। स्थानिय बासिन्दाहरुको अनुसार यसै कारणले गर्दा यस भवनलाई सिंहध्वखा दरबार भनेको हुनसक्छ। सिंहलाई पशुहरु मध्ये बलियो जनावर मानिन्छ। यसैले यसलाई पशुहरुको राजाको रुपमा  मानिन्छ . यसलाई शाक्त सम्प्रदायमा दुर्गा भवानीको वाहनको रुपमा मानिन्छ। अशोकले सारनाथमा शिलास्तम्भ स्थापना गराउदा तल्लो भागमा चार धर्मचक्र र माथिल्लो भागमा चार सिंहको आकृतिको प्रतिक राख्न लगाएका थिए। यस स्तम्भको धर्मचक्रले बुद्धको धर्मचक्र प्रवर्तन र सिंहले बुद्धको कुल शाक्यकुलको संकेत गर्दछ। दायाँ बायाँ अवस्थीत यी एक जोडी सिंहहरु पछाडीको खुट्टा पट्याएर अगाडीको दुई खुट्टाहरुले टेकेर बसेको अवस्थामा छन्। यी सिंहहरु ईंटा अकारका ढुंगाहरु एक माथि अर्को राखेर बनाएको छ भने यीनीहरु अवस्थी बुट्टादार एक तहको पेटी पनि चारकुने ढुंगाबाट बनाएको छ। मध्यकालमा नेपाली कलामा पालकला शैलीको प्रभाव परेको हुदा यी सिंहहरु पनि अत्यधिक अलंकृत  देखिन्छ। सिंहको खुट्टामा कल्ली, घाटीमा हार तथा टाउकोमा आमलक सहितको गजुर सजाइएकोछ। सिहको घाँटीको कपाल, आँखा, निधार आदिको अलंकरणहरुले सिंहलाई अझ बढि जीवन्त बनाउन खोजे जस्तो देखिन्छ। (हेर्नुस् चि.फ.नं. १,२,३)।

### हनुभैरव

यसकला संग्रहालयको प्रवेशद्वारको दायाँपट्टि भित्तामा राजा भूपतिन्द्र मल्लले स्थापना गर्न लगाएको वि.सं. ८१८ को अभिलेख सहितको हनुभैरव छ। यो मूर्तिमा अनुहार वानरको जस्तो देखिन्छ भने शरीर मानवको जस्तो देखिन्छ। यो मूर्ति चार तहको पादपीठ माथि राखिएको छ। तेश्रो तह देखि मूर्ति एउटै ढुंगाबाट बनाइएको जस्तो देखिन्छ। तेश्रो तहको पेटीको अग्रभागमा दायाँ बायाँ सिंहको जस्तो आकृति पछाडी टाउको फर्काएर बसेको जस्तो देखिन्छ। बीचमा कलश फूलका पातहरु देखिन्छ। यस भागको तल्लो छेउमा राजा भूपतिन्द्र मल्लको अभिलेख कुदिएको छ। यस पादपीठको माथि दोहोरो कलमलासन बनाइको  छ। जसको माथि एक मानव आकृती दुबै खुट्टाहरु दायाँ बायाँ फाटेर दायाँ हातले दायाँ खुट्टाको र्कुकुच्चा तथा बायाँ हातले बायाँ खुट्टाको र्कुकुच्चा छोएर बसेकोछ। गहिरीएर हेरेको खण्डमा उक्त आकृति उड्न लागेको जस्तो देखिन्छ। यस आकृतीले खट्टामा कल्ली, नारीमा बाला, पाखुरामो केयुर गोलोखालको लगाइएको छ। चुच्चो नाक, जुगा तथा घाटीमा कण्ठहार कानमा पत्र कुण्डल स्पष्टसँग देख्न सकिन्छ। जसको माथि हनुभैरव बलपूर्वक टेकेर उभिएको छ। जसलाई आलिढ स्थानक शैली भनिन्छ। जसमा दाहिने खुट्टा अलिखुम्चयाएको तथा देब्रे तन्काएको देखिन्छ। यस मूर्तिमा हनुमानको दुवै खुट्टा वानरको जस्तो  देखिन्छ। खुट्टाको कल्ली, नारीको बाला, पाखुराको केयुर बुट्टेदार देखिन्छ। घुडा सम्म आएको धोती, कम्मरमा कम्मरबन्ध तथा कम्मरबन्धको छेउ दुबै खुट्टाको बीचमा झरेको देखिन्छ। पटुका तिघ्रा सम्म झरेको तथा बैजन्तीमाला घुडा सम्म आएको देखिन्छ। छात्तीमा कवच , घाटीमा कण्ठहार, कानमा पत्र कुण्डल तथा शिरमा चुच्चो परेको किरिट मुकुट देखिन्छ। मुख आ गरिरहेको, चौडा नाक तथा गोलो बाहिर उठेको आँखा देखिन्छ। चार हातहरु भएको यस मूर्तिमा दायाँतिरको हातहरुमा तल देखि क्रमश : पद्म पुष्पको गुच्छा तथा मारतोल तथा देब्रेतिरको हातहरुमा तलदेखि क्रमश :त्रिशुल तथा आफ्नै पुच्छर समातेको जस्तो देखिन्छ।

यो मूर्तिको स्थानक शैलीले वीर एवे आक्रामक भाव देखाएको छ। यसैले यस मुर्तिलाई हनुभैरव भनिन्छ। भैरव भन्नाले शिवको उग्र रुप भन्ने बुझाउँछ। यसै यस मूर्तिमा प्रतिमा लक्षण अनुसार शिवको केहि अंश पनि पाइन्छ। यो मूर्तिको ढुंगाको रंग खैरो फुस्रो देखिन्छ। यस मूर्तिको पादपीठमा राजा भूपतिन्द्र मल्लको अभिलेख उत्कृर्ण गरिएकोछ। [९] (हेर्नुस् चि.फ.नं.४)।

---

८ कृष्ण प्रसाद श्रेष्ठ (२०४९, अंक १ स्मारिका ख्वप्राङ, विचार विविध) पृ. ४९।

[९] *हनुभैरवको पादपिठको अभिलेख*

*१. ॐ पारावारविलंघनो दशमुखस्यानन्दाविध्वंसनो, लंकादेशविदहको रघुपतेरानाकर : सर्ज्जदा।*

*२.शोताहर्षप्रदायको लुपवने संत्रासनो रक्षसां, पायाद्भूपपुरन्दरं, पायाद्भूपपुरन्दरं रघुकुलोद्भूतं हनुमानर्या॥*

*३. ॐ स्वस्ति॥ श्री २ जयभुपतोन्द्रमल्लदेवसन, थ्व हनुमान मूर्ति दयका जुर्रो॥  सम्वत् ८१८ फाल्गुन शुदि ९॥*

**नृसिंह**

यस संग्रहालयको मूल प्रवेश द्वारको बायाँपट्टि भित्तामा भगवान राजा भूपतिन्द्र मल्लले स्थापनमा गर्न लगाएको नृसिंहको मूर्ति रहेकोछ । नृसिंह रुप भगवान विष्णुको १० अवतार मध्ये पाँचौं अवतार मानिन्छ । दुष्टको नाश तथा सज्जनको रक्षा गर्नको लागी भगवान विष्णुले यो रुप लिनुभएको हो । यस मूर्ति मानव तथा पशुको मिश्रण पाइन्छ । जसमा टाउको सिंह तथा शरिर मानवको जस्तो देखिन्छ ।

नेपालमा पाइने विभिन्न नृसिंह मूर्तिहरु मध्ये यस संग्रहालयको प्रवेशाद्वारको दायाँपट्टिको भित्तामा रहेको यो नृसिंह मूर्ति पनि एक हो । मध्यकालिन तान्त्रिक प्रभाव परेको यस मूर्तिमा नृसिंह रुप भगवान विष्णु अर्धपर्यङ्कानिमा बसेको देखिन्छ । जसमा देब्रे खुट्टा पलेटी मारेको र दायाँ खुट्टा भुईंमा झारेर आसनीमा बलपूर्व टेकेको देखिन्छ। पलेटी मारेको खट्टाको पाइतालामा शुभ चिन्ह रहेको छ । नरसिंह रुप विष्णुको हात खट्टामा सिंहको जस्तो नग्रा देखिन्छ । खुट्टामा कल्ली, नारीमा बाला तथा पाखुराको केयूर बुट्टेदार देखिन्छ । हिरण्यकक्षपुको खुट्टाको कल्ली, नारीका] बाला तथा पाखुराको केयूर तथा टाउकोमा श्रीपेच रहेकोछ । नरसिंहको देब्रे खुट्टा हिरण्यकश्यपुको घाटी बलियोसँग च्यापेको देखिन्छ । दायाँ खुट्टाको औंलाहरुले बलपूर्वक कमलासनमा टेकेको देखिन्छ । दुबै खुट्टाको घुडा सम्म बुट्टेदार धोती देखाइएको छ । यस मूर्तिमा नरसिंहको चार हातहरु छन् । जसमा दायाँ बायाँको माथिल्लो दुइ हातहरुले क्रमश चक्र तथा गदा समातेको छ भने तल्लो दुई हातहरु मध्ये दायाँ हात हिरण्यकश्यपुलाई उल्टो फर्काएर ताङ्गमूनितिर छिराएको देखिन्छ । यी दुबै हातहरुले यिनको पेट चिरेको अवस्थामा देखाएको छ । पेट भित्रको आन्द्रा बाहिर निस्किराखेको स्पष्टसँग देख्न सकिन्छ । नृसिंहको घाटीमा कण्ठहार तथा यज्ञपवित स्पष्टसँग देख्न सकिन्छ । निधारको दायाँ बायाँ सिंग जस्तो देखिन्छ । कानको चक्रकुण्डल दायाँ बायाँ दुबै काध सम्म  झरेको देखिन्छ । शिरमा मुकुट तथा शिर पछाडी अग्नी ज्वाला सहितको आकर्षक प्रभावली छ । आँखा गोलो तथा बाहिर निस्केको जस्तो   देखिन्छ । नाक चौडा देखिन्छ ।

यस मूर्तिमा शिवजीको उग्र स्वरुप भैरवको पनि गुण पाईन्छ । यसैले यस मूर्तिलाई यहाँका स्थानिय बासिन्दाहरु नरसिंह भैरव पनि भन्ने गरिन्छ ।  पृष्ठभाग माथितिर अण्डाकार भएर चुच्चो  तथा वरपर अग्नी ज्वाला रहेको छ ।

यस मूर्तिको अनुहारको भाव कसै माथि आक्रमण गर्न लागेको जस्तो देखिन्छ । यस मूर्तिमा पाल कलाशैलीको प्रभाव देखिन्छ । जस अनुसार हातहरु धेरै हुनु, पृष्ठभाग वरपर अग्नी ज्वाला देखिनु आदि हुन् । यो मूर्ति तीन तहको पादपिठ माथि बनाईएको छ । जसमध्ये सबै भन्दा माथिको पादपिठमा राजा भूपतिन्द्र मल्लको अभिलेख उत्कृर्ण गरिएकोछ । [९](हेर्नुस् चि.फ.नं. ५)।

**विष्णु मूर्ति**

प्रवेशद्वारको दायाँपट्टिको खम्बा माथि तान्त्रिक प्रभावयुक्त स्थानक विष्णु मूर्ति छ । यो विष्णुको आलिढ आसनमा प्रस्तुत गरिएकोछ । जसमा विष्णुले दाया खुट्टा अलि खुम्चाएर बायाँ खुट्टा तेर्सो बनाएर बल पूर्वक नागलाई टेके जस्तो देखिन्छ । यो दोहोरो कमलको फूल माथि अवस्थीत छ । यस मूर्तिको खट्टाको कल्ली, नारीको बाला तथा पाखुरामा बुट्टेदार केयूर छ । घुँडा सम्म पनि आएको बुट्टेदार धोतीलाई कम्मर पेटीले अड्याएको छ । दुबै खुट्टाको बीच भएर उच्चरबन्ध(एक प्रकारको पेटी)को छेउ नाग जिउ माथि लत्रेको देखिन्छ । पृष्ठभागमा प्वाल तथा वरपर अग्नी ज्वाला तथा नागको जिउ रहेको छ । मूर्तिको शिरमा सात वटा नागको टाउकोहरुले छाता ओऱ्याएको छ । बीचको नागको टाउको माथि छत्र रहेको देखिन्छ । आठ वटा हातयुक्त यस मूर्तिमा दायाँतिर तल देखि क्रमश चक्र, बाण, खड्क तथा कमलको फूल रहेको छ । कमलको पुष्प समातेको हात छात्ती सम्म पुऱ्याएको छ । बायाँतिरको चारहातहरुमा क्रमश तलदेखि शख,गदा,धनुष र ढाल समातेकोछ । घाटीमा कण्ठहार, र बैजन्ती माला लगाएको छ । कानमा पत्र कुण्डल रहेकोछ । चुच्चो नाक, लाम्चो आँखा रहेको छ । आँखा क्रोधले कसैलाई हेरिरहेको जस्तो देखिन्छ । चुच्चो चुच्चो भएको किरीट मुकुट लगाएको छ । अनुहारको भाव कसैलाई आक्रमण गर्न लागेको जस्तो देखिन्छ । यस मूर्तिको खुट्टा तथा जिउको अनुपातमा खुट्टा लामो देखिन्छ । (हेर्नुस् चि.फ.नं. ६)।

**गरुड**

यस राष्ट्रिय कला संग्रहालयको प्रवेशद्वारको बायाँपट्टिको खम्बामा तान्त्रिक प्रभावले युक्त गरुडको स्थानक मूर्ति राखिएकोछ । यो आलिढ शैलीको स्थानक मूर्ति हो । यो मूर्ति दोहोरो कमल पुष्पमाथि अवस्थीत छ । गरुडले बलपूर्वक नागको जिउ माथि टेकेको देखिन्छ । चराको जस्तो नग्रायुक्त खुट्टा देखाइएको छ । खुट्टाको कल्ली,नारीको बाला बट्टेदार छ । यस मूर्तिमा

---

[९] *<u>नृसिंको पादपिठको अभिलेख</u>*

*१. ॐ स्फुरल्लपनभोषणो दितिजयुथसंत्रासनो हिरण्यकसिपुं रुषा हृदि विदारणैकोत्सुक : ।*

*२. शटा विहटमूर्तिमान्सकललोकरक्षापरी युगानुदहनोपमो जयति नारसिंह हरि : ॥*

*३. ॐ  स्वस्ति ८१८ फाल्गुन शुदि ९ ॥*

आठवटा हातहरु रहेको छ। दायाँतिरको दुई हातहरुमा तलदेखि क्रमश पुस्तक, अक्षमाला र बायाँतिरको हातहरुमा क्रमश तलदेखि ध्वजा र कमल पुष्प रहेको छ। दायाँ बायाँको माथिल्लो दुइ हातहरु नमस्कार मुद्रामा तल्लो दुइ हातले कलश समातेको छ। कानमा चक्रकुण्डल, मुख चराको जस्तो चुच्चो, कानमा पत्रकुण्डल रहेको छ। आँखा गोलो रहेको छ। टाउकोमा मुकुट र सातवटा शिरयुक्त नागले छाता ओडाएको देखिन्छ। बीचको नागको टाउको माथि छत्र रहेको छ। घुडामा चराको जस्तो प्वाख देखिन्छ। वैजन्तीमाला घुडा सम्म देखिएको छ। दुबै खट्टाको बीचमा उद्यरबन्ध तल सम्म लत्रेको देखिन्छ।

मध्यकालिन मूर्तिहरुमा पाल कलाशैलीको प्रभाव परेको हुदा यस मूर्तिमा पनि पृष्ठभाग वरपर अग्नी ज्वाला , प्वाल भएको छ। अनुहारका भाव कसैलाई स्तुती गरिरहेको जस्तो देखिन्छ। ढुंगाको गुण फुस्रो तथा खैरो देखिन्छ। (हेर्नुस् चि.फ.नं. ७)।

**छिडि**

यस संग्रहालयको मूल प्रवेशद्वारबाट प्रवेश गर्दा ठिक अगाडी राजा भूपतिन्द्र मल्लले बनाउन लगाएको अभिलेख सहितको चोक पर्दछ। जसको नाम मालती चोक हो। जुन भक्तपुरको मल्लकालिन उनान्सय चोकहरु मध्ये एक हो। यस संग्रहालय भवनको छिडिमा चार कोठाहरु छन्। यस संग्रहालयमा प्रवेश गर्दा दायाँतिर दुइ कोठाहरु तथा बायाँतिर कोठा लबिले जोडेकोछ। यो लबिको दायाँतिर संग्रहालयको काउण्टर राखिएकोछ। त्यसपछि ढोका रहेकोछ। यो ढोका भित्र लाम्चो कोठा छ। यो कोठाको बायाँतिर कलात्मक काष्ठकला युक्त ढोका भएको अर्को लाम्चो कोठा छ। यो कोठा अध्यारो छ। यसलाई हाल संग्रहालयले भण्डार कोठाको रुपमा प्रयोग गरिएकोछ। यहाँ विभिन्न किसिमका कलावस्तुहरु राखिएकोछ। मूल प्रवेश द्वारको अगाडीको लबिको बायाँतिर होचो खुड्किला रहेकोछ। यो लबिको दायाँ बायाँ दशवटा ढुंगाको अभिलेख, दुइवटा गणेशको ढुंगे मूर्ति र एउटा ढुंगाको पानस प्रदर्शन गरिएको छ।

**ढुंगाको अभिलेखहरु :**

**संवत् ५१६**

यो संग्रहालयको अवलोकन गर्ने क्रममा यस कला संग्रहालयमा प्रवेश गर्दा छिडी कोठामा प्रदशित ढुंगाको अभिलेखहरु मध्ये सर्व प्राचिन ढुंगाको अभिलेख लिच्छविकालिन ढुंगाको अभिलेख हो। यस अभिलेख संवत् ५१६ को तुलाछेंटोलको शिवदेव तथा अंशुवर्मा हो। यस शिलालेखको उचाई ४६ू र चौडाई १.१६ॅ छ। यस शिलापत्रको शिर्षभाग अण्डाकार छ। जसमा दुई वटा शंखहरुको बीचमा चक्र कुँदिएको छ भने तल्लो भागमा अस्पष्ट छ। (हेर्नुस् चि.फ.नं. ९)।

**ने.सं. ८२६**

यस कला संग्रहालयमा दशहात्ते गणेशसँगै ने.सं. ८२६ को ढुंगाको अभिलेख राखिएको छ। यस अभिलेखमा उल्लेख भए अनुसार यो अभिलेख ने.सं. ८२६ बैशाख मासे कृष्ण पक्षे नवमी शुक्रबार आफ्नो पुर्खाले बनाएको पाटीलाई चुकुटी भारोले जिर्णोदार गर्ने क्रममा राखेको हो। यस अभिलेखको उचाई १२ॅ, चौडाई १०ॅ तथा यसमा नौ पंक्तिहरु छन्। सबै भन्दा माथि दायाँ बायाँ चक्र तथा बीचमा खड्का उभाइएको छ। यस खड्क माथि माला राखिएको छ। सबै भन्दा तल बुट्टाहरु बनाइएको छ। वरपर बिन्दु सहितको अग्नी ज्वाला बनाइएकोछ। तल्लो भागको दाँजोमा माथिल्लो भाग चौडा छ। यो माथिल्लो भाग अण्डाकार हुँदै चुच्चोछ। (हेर्नुस् चि.फ.नं.१०)।

**ने.सं. ८६३**

८२६ को शिलालेखसँगै अर्को ने.सं. ८६३ को शिलालेख राखिएको छ। यो अभिलेख अनुसार यो अभिलेख ने. सं. ८६३ भाद्र शुदि दशमी बृहस्पत्तिबारको दिन श्री ३ विष्णु प्रतिस्थापना स्वरुप मंगलाक्षे टोलको धरसिं भरोले पाटी बनाई प्रतिस्था गरेको हो। यस अभिलेखको उचाई १६ॅ, चौडाई ९.२ॅ तथा यसमा १४ पंक्तिहरु छन्। यस शिलालेखको सबैभन्दा माथि दायाँ बायाँ चन्द्रमा बीचमा कलश र कलश माथि खड्क तथा खड्क माथि माला राखिएकोछ। सबैभन्दा तल बुट्टाहरु वरपर तथा माथिल्लो भागमा अग्नी ज्वाला तथा माथिल्लो भाग चौडा तथा अण्डाकार हुँदै चुच्चो बनाइएको छ। (हेर्नुस् चि.फ.नं.११)।

**ने.सं. ८३७**

ने.सं. ८६३ को शिलालेखसँगै ने.सं. ८३७ को शिलालेख राखिएकोछ। यस अभिलेखमा उल्लेख भए अनुसार यो अभिलेख शुभराज भारोले यो अभिलेख ने.सं. ८३७ जेष्ठ शदि १मा यो अभिलेख स्थापना गरेको हो। यस अभिलेखको उचाई १६ॅ, चौडाई १२ॅ तथा यसमा २१ पंक्तिहरु छन्। यसको सबै भन्दा माथि दायाँ बायाँ क्रमश शंख, दण्ड र बीचमा फूल बनाईएकोछ। सबै भन्दा तल बुट्टाहरु तथा वरपर अग्नी ज्वाला बनाइएकोछ। तल्लो भाग भन्दा माथिल्लो भाग चौडा छ। माथिल्लो भाग अण्डाकार हुँदै चुच्चा परेको छ। (हेर्नुस् चि.फ.नं. १२)।

**ने.सं. ७९१**

शि.सं ८३७ को सँगै ने.सं. ७९१ को शिलालेख राखिएकोछ। जसको उचाई ४२ू, चौडाई २१ू  तथा यसमा ४६ पंक्तिहरु छन्। यस शिलालेखको सबैभन्दा माथि दायाँ बायाँ ऐना तथा बीचमा चक्र, चक्रमाथि अग्नी ज्वाला बनाइएकोछ। यसको छेउ छेउमा अग्नी ज्वाला सहितको बुट्टाहरु बनाइएकोछ। यसको तल्लो भाग भन्दा माथिल्लो भाग चौडा छ। सबैभन्दा माथिको भाग त्रिकोणात्मक छ। (हेर्नुस् चि.फ.नं.१३)।

**शि ५८८**

शि.ने.सं. ७९१ सँगै शि ५८८ राखिएकोछ। यस अभिलेखमा उल्लेख भए अनुसार यो अभिलेख राजा यक्ष मल्लले आफ्नो पुत्रको आयु आरोग्यकोलागि विष्णुको मूर्ति स्थापनाको क्रममा विष्णुको गुणगान गरी स्थापना गरेको अभिलेख हो। यस अभिलेखको उचाई ३९ू, चौडाई २३ू  तथा यसमा २८ पंक्तिहरु छन्। जसको सबै भन्दा माथि तीन वटा पद्मपुष्पहरु तथा बीचको पद्मपुष्म माथि ऐना /ाखिएकोछ। वरपर बिन्दुमय बुट्टाहरुको साथै अग्नी ज्वाला छन्। तल्लो भाग भन्दा माथिको भाग चौडा छ। माथिल्लो भाग अण्डाकार हुँदै चुच्चो   परेकोछ। (हेर्नुस् चि.फ.नं.१४).

**प्र.अ.**

चारहात्ते गणेशकोसँगै मल्लकालिन प्र.अ. राखिएको छ। जसको लम्बाई २७ू  , उचाई ८ू  तथा यसमा ७ पंक्तिहरु देखिन्छ। (हेर्नुस् चि.फ.नं.१५)।

**प्र.अ. ८२२**

प्र.अ. मल्लकालिनसँगै प्र.अ. ८२२ राखिएको छ। यो अभिलेख ने. सं. ८२२ आषाढ शुक्ल १ का दिन न्यातपोल प्रतिस्था गर्दा राखेको हो। यो अभिलेखको लम्बाई १६ॆू, चौडाई ८ू  र यसमा दुई पंक्तीहरु छन्। (हेर्नुस् चि.फ.नं.१६)।

**प्र. अ २००**

प्र. अ. ने. सं. ८२२ सँगै प्र. अ २०० राखिएकोछ। जसको लम्बाई ५ू, लम्बाई ७ॆू र यसमा ७ पंक्तिहरु छन्। (हेर्नुस् चि.फ.नं.१७)।

**प्र. अ. मल्लकालिन**

प्र.अ. सं. २०० सँगै प्र. अ. मल्लकालिन राखिएको छ। यसको उचाई १४ॆू, लम्बाई ३६ू  तथा यसमा १९ पंक्तिहरु छन्। (हेर्नुस् चि.फ.नं.१८ )

**दशहात्ते गणेश ( हेरम्ब गणपति ) :**

भक्तपुर कला संग्रहालयको छिडीको पहिलो कोठामा दायाँतिर ढुंगाको पानससँगै मध्यकालिन दशहात्ते गणेशको मूर्ति राखिएको छ। जसको उचाई २७ू तथा चौडाई १८ू छ। यो मूर्तिमा कमलासन माथि दुबै खुट्टा दुइटा मुसाहरुको ढाड माथि टेकेर उभिएको छ। जसलाई आलिढ स्थानक शैली भनिन्छ। दुबै मुसाहरु मध्ये देब्रेतिरको मुसाको मुखमा रुद्रक्षमाला लिएर पछाडी फर्किरहेको देखिन्छ। गणेशजीको खुट्टाको कल्ली, नारीको बाला तथा पाखुराको केयुर गोलो तथा बुट्टेदार देखिन्छ। दुबै खट्टाहरुको बीचमा धोतीको मुजा  देखिन्छ। पिडौला जालीदार पहिरन तथा तिघ्राको पछाडी धोतीको छेउहरु देखिन्छ। घाँटीमा बैजन्तीमाल, सर्पको माला तथा कण्ठहार देखिन्छ। प्राचिनकालन गणेशको दाँजोमा यो गणेशको पेट लाम्चो तथा सानो  छ। दश हात भएका यो मूर्तिमा दायाँतिरको पाँच हातहरुमा तल देखि क्रमश : वरदमुद्रा, मारतोल, परशु, अंकुश तथा माथिल्लो हातले मूला समातेर छात्ती सम्म पु याएकोछ। बायाँतिरको पाँच हातहरु मध्ये तलदेखि क्रमश : अभय मुद्रा, टाउको , त्रिशुल, पाश तथा मोदकपात्र समातेको हात छात्ती अगाडी राखि सूँड मोदकपात्र माथि अड्याएकोछ। चार वटा टाउको भएको यस गणेशको सूँड छोटो छ। तल्लो तीन वटा शिरहरु मध्ये बीचको अनुहारमा दुई दन्त दायाँ बायाँको अनुहारमा एक एक दन्त मात्र देखिएको छ। सबै भन्दा माथि रहेको एउटा टाउको तथा तल्लो तीन वटा टाउकोहरु मध्ये बीचको अनुहारमा मात्र हात्तीको जस्तो कान   देखिएकोछ। चारै वटा अनुहारमा तीन नेत्र छन्। शिरमा चुच्चो परेको किरिट मुकुट   पहिरेकोछ। यस मूर्तिको पृष्ठ भाग अलंकृत तथा छेउ छेउमा अग्नी ज्वाला देखिन्छ। यस मूर्तिमा अत्यधिक हातहरु देखिनु तान्त्रिक प्रभाव देखाउछ। यसैले यस मूर्तिमा पाल कलाशैलीको प्रभाव देखाउछ। यस मूर्तिको आलिढ शैलीले वीर एवं आक्रामक भाव देखाउछ। यस मूर्तिमा आयुधहरु शिवको आयुधहरु पनि छन्। यसैले यस मूर्तिमा शिवको उग्र स्वरुप भैरवको प्रभाव पनि देखिन्छ। यो मूर्तिको ढुंगाको गुण खैरो तथा कमसल  देखिन्छ। (हेर्नुस् चि.फ.नं.१९)।

**गणेश चारहात्ते ( लम्बोदर गणेश ) :**

यस कला संग्रहालयको छिडीको पहिलो पहिलो कोठाको बायाँतिर सबै भन्दा पहिले चार हात्ते गणेश प्रदर्शन गरिएकोछ। यो गणेशको मूर्तिको उचाई ३१ू  तथा चौडाई २१ू  छ। यो मूर्तिमा आसनको छेउमा बुट्टाहरु बनाइएको छ। यो गणेश मूर्तिमा गणेश अर्धपर्याङ्कासनमा बसेकोछ। जसमा दायाँ खुट्टा पट्याएको छ। जसको घुँडा माथि स्वदन्त समातेको हातको पंजा अड्याएकोछ। बायाँ खुट्टा पलेटी मारेको छ। यो खुट्टाको तिघ्रा माथि मोदकपात्र समातेको हात अड्याएकोछ। दायाँ

तिरको माथिल्लो हातमा अंकुश तथा बायाँ तिरको माथिल्लो हातमा परशु समातेकोछ। पेट ठूलो तथा चौडा छ। यज्ञपवित बायाँ तिरबाट लगाएको देखिन्छ। सूँड लामो वा लम्बोदर छ। दायाँतिरबाट घमेर बायाँतिरको मोदकपात्र माथि अड्याएको देखिन्छ। कान हात्तीको जस्तो तथा शिरमा मुकुट देखाइएकोछ। पृष्ठभागको छेउछेउतिर अग्नी ज्वाला देखिन्छ। काहातखुट्टाको कल्ली, नारीको बाला र पाखुराको केयुर गोलो तथा अस्पष्ट छ। यो मूर्ति कमसल तथा फुस्रो ढुंगाबाट बनेको देखिन्छ। दश हात्ते गणेशको दाजोमा यो गणेश पुरानो देखिन्छ। कारणहरु अर्धपर्याङ्कासन,लम्बोदर सूँड, मोदकपात्र, शरिर स्थुल जसमा ठूलो पेट , चार हातहरु तथा बाहन मुसा नदेखिनु हो। (हेर्नुस् चि.फ.नं.२०)।

**ढुंगाको पानस :**

यस कला संग्रहालयमा सबै भन्दा छिडीमा लिच्छविकालिन अभिलेखसँगै ढुंगाको पानस राखिएकोछ। तत्कालिन समयमा बिजुली बत्तीको अभावले गर्दा उज्यालो लागि पानसको प्रयोग गरिन्थ्यो। पानस तल गोलाकार हुन्छ जसले भूईंमा उठाउन मदत गर्दछ। बीचमा सागुरो हुँदै माथि अलि ठूलो गोलो हुन्छ। जसमा तेल राखेर बत्ती बालिन्छ।

कला संग्रहालयमा रहेको यो पानस प्राचिन पानस मानिन्छ। पानसको विकासको क्रममा पहिले ढुंगाको पानस त्यसपछि धातुको पानस विकास भएको भन्ने ज्ञान हामीलाई यस संग्रहालय अन्तर्गत संचालित धातुकला संग्रहालयबाट पाउन सक्छौं। जुन संग्रहालय दत्तात्रेय मनिदरको चिक फ : मा स्थापना गरेको छ। कला संग्रहालयमा रहेको यो पानसको उचाई २१ गोलाई तल्लो ३५ तथा माथिल्लो २६ छ। यसमा बु ाहरु बाहिर उठ्ने गरि बनाइएको छ। यो पानस खैरो ढुंगाबाट बनेको छ। (हेर्नुस् चि.फ.नं.२१)।

**छिंडीको चौथो कोठा**

यस संग्रहालयको बायाँतिर बनाइएको लबिमा बनाइएको होचो खुड्किलाहरु पार गरेर छिंडी कोठामा प्रवेश गरिन्छ। यो ढोका अलि होचो छ। यो एल आकारको कोठाको दाहिनेतिरको भित्तामा रहेको झ्यालमा श्रीधर विष्णु तथा ताराको मूर्तिहरु प्रदर्शन गरिएकोछ। लबिमा शिवलिङ्ग तथा विष्णु, हरिहर,उमा शंकर आदिको मूर्तिहरु प्रदर्शन गरिएकोछ। अगाडीतिरको भित्तामा भिमसेन, शिवलिङ्ग तथा कुबेरको मूर्ति भएको अभिलेख राखिएकोछ।

**शिवलिङ्ग १४ औं शताब्दी :**

यस कला संग्रहालयको दोश्रो कोठाको प्रवेशद्वारको ठिक अगाडी १४ औं शताब्दीको शिवलङ्गि वाहन नन्दि सहित राखिएको छ। जसको ब्रह्मभाग बुट्टेदार छ। जसको माथिरहेको जलहरि वा विष्णु भागको तल्लो भागमा सर्पले बेरेकोछ। जलहरीको अग्रभागमा सर्पको टाउको देख्न सकिन्छ। विष्णु भागको माथिपट्टि रहेको रुद्रभागमा शिवको विभिन्न रुपहरु पूर्व देखि दक्षिण सम्म क्रमश तत्पुरुष, सोजात, वामदेव, अघोर तथा आकास तिरको सादा ईशान भाग देख्न सक्छौं। चारै दिशाको दुई हातहरु मध्ये दायाँ हात अक्षमाला अभय मुद्रा तथा बायाँ हातमा कलश समातेकोछ। चारैतिरको शिरमा जटा मुकुट तथा चन्द्रकला रहेकोछ। दक्षिण बाहेक अन्य अनुहार लाम्चो आँखा तथा चुच्चो नाक छ। यी अनुहारको भाव सौम्य तथा शान्त छ। दक्षिणतिरको अनुहारमा आखा गोलो तथा बाहिर उठेको र नाक मोटो छ। जसले रुद्र वा भैरवको प्रतिनित्व गर्दछ। ईशान वा सदाशिव भाग थोरै उठेको छ। (हेर्नुस् चि.फ.नं.२२)।

**श्रीधर विष्णु १३ औं शताब्दी :**

राष्ट्रिय संग्रहालयको छिडीको दोश्रो कोठामा प्रवेश गर्दा बायाँतिर १३ औं शताब्दीको विष्णु प्रदर्शन गरिएको पाइन्छ। जसलाई श्रीधर विष्णु भनिएको छ। जसको उचाई ३३ र चौडाई २१ छ। अन्वेषणको क्रममा चारौं शताब्दिका पछि एक्लै खडा भएको उभिएको विष्णुको मूर्तिको चलन कम हुँदै गएको बुभिन्छ। तापनि दशौं एघारौं अथवा बाह्रौं शताब्दि सम्ममा यदाकदा यस्ता मूर्ति बनाउने चलन चलिनै रहेको देखिन्छ। इशाको पाँचौं शताब्दि शुरु देखि मात्र दायाँ बायाँ लक्ष्मी र गरुडका साथमा उभिएको विष्णुको मूर्ति बनाउने चलन आएको हो।[१०]

विष्णुको चतुरबिश ब्यूह अन्तर्गत मूर्तिमा विष्णु स्थानक शैलीमा खम्बा जस्तो सिधा भएर उभिएको हुन्छ। जसको दायाँ लक्ष्मी तथा बायाँ गरुड क्रमश कमल तथा चट्टान माथि उभिएको हुन्छ। विष्णुको चार हातहरुमा शंख, चक्र, गदा तथा पद्‌म बिज लिएको हुन्छ। यस मूर्तिको पृष्ठभाग सबै भन्दा बढि भाग विष्णुले आगटेको हुन्छ।[११] कला संग्रहालयमा रहेको चार हातहरु भएको यो श्रीधर विष्णुको दायाँतिरको दुई हातहरुमा बिज तथा चक्र रहेको छ भने बायाँतिरको हातहरुमा शंख र गदा लिइएकोछ। गदा भग्न अवस्थामा देखिन्छ। यो मूर्ति कमलासन माथि स्थानक शैलीमा छ। जसलाई समभं स्थानक शैली भनिन्छ। जसमा भगवान विष्णु खम्बा जस्तै सिधा भएर उभिएको देखिन्छ। पृष्ठ भागमा कम्मर देखि तल तथा दुबै खुट्टाको

---

[१०] लैनसिंह वाङ्देल, *प्राचिन नेपाली मूर्तिकलाको इतिहास* (कमलादी, काठमाडौं, नेपाल : नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, २०३९) पृ . ११६।

[११] प्रतापादित्य पाल,*दि आर्ट अफ नेपाल*( नेडरल्याण्ड :ई .जे . ब्रिल १९७४)।

बीचमा धोतीको छेउहरु बुट्टादार रुपमा देखाइएकोछ । घुँडा सम्म बट्टाधोती, तिन तहको पटका तिघ्रा सम्म तथा कम्मर पेटीले धोतीलाई च्यापेको देखिन्छ । बायाँतिरबाट लगाएको यज्ञपवित तिघ्रा सम्म झरेको देखिन्छ । यस मूर्तिको जिउ पनि भग्न अवस्थामाछ । घाटीमा कण्ठहार, कानमा कुण्डल तथा शिरमा किरिट मुख भैरव रहेको मुकुट पहिरेको छ । पृष्ठभाग छेउमा अग्नी ज्वाला देखाइएको छ । यो मूर्ति कालो तथा चिल्लो ढुंगाबाट बनेको देखिन्छ । पृष्ठभाग तल देखि माथि चौडा हुदै सबै भन्दा माथि अण्डाकार बनाइएको छ ।

पृष्ठभागमा अग्नी ज्वाला देखिनु यस मूर्तिमा पाल शैलीको प्रभाव देखिन्छ । यो मूर्तिमा जिउको अनुपातमा खट्टाहरु लामो देखिन्छ । जुन मध्यकालिन मूर्तिको विषेशता हो । अनुहारको भाव शान्त देखिन्छ । आँखा लाम्चो तथा खोलेर हेरिरहेको जस्तो देखिन्छ । यो मूर्ति स्थानक शैलीलाई समभङ्ग वा समपादभङ्ग पनि भनिन्छ । (हेर्नुस् चि.फ.नं.२३)।

**तारा ११ औं शताब्दी**

राष्ट्रिय कला संग्रहालयको पहिलो कोठाको दोश्रो कोठाको देब्रेतिरको भित्तामा दोश्रो झ्यालमा ११ औं शताब्दीको ताराका राखिएको छ । यो ताराको उचाई ३४ू तथा चौडाई ११.७ू छ । यो स्थानक शैलीको मूर्ति चट्टान माथि जस्तोमा उभिएकाछ । जसको दुबै खुट्टाहरु बुट्टेदार धोतीले छोपेको जस्तो देखिन्छ । कम्मरमा धोती अड्काउनको लागि कम्मर पेटी बाधेकोछ । धोतीको सप्को देब्रेतिरको काँधमा पुऱ्याएको देखिन्छ । पुस्त स्तन तथा घाँटीमा कण्ठहार रहेकोछ । दुबै हातको नारी गोलोखालको बालाले बेरेकोछ । दायाँ हात पद्मबीज सहित बरदमुद्रामा रहेकोछ । बायाँ हातमा डाठ सहितको फूलेको कमलपुष्प रहेको छ र कमलपुष्प कान सम्म पुगेकोछ । दुबै कानको पुष्पकुण्डल काँध सम्म झरेको देखिन्छ । आकर्षक जुरो तथा जुरोलाइ अड्याउन ह्यसब्याण्ड लगाएको जस्तो देखिन्छ ।

यो मूर्ति कालो ढुंगाबाट बनेको छ । पृष्ठभाग तल भन्दा माथि चौडा देखिन्छ । माथिल्लो भाग अण्डाकार हुँदै चुच्चो देखिन्छ । पृष्ठभागको वरपर अग्नी ज्वाला देखिन्छ । जसले पालकला शैली प्रभाव देखाउँछ । यो मूर्ति कालो तथा चम्किलो ढुंगाबाट बनेकोछ । यो मूर्तिमा स्थानका शैलीलाई आभंङ्ग शैली भनिन्छ । जसमा मूर्ति नाइटो माथिको शरिरको भाग दायाँतिर अलि झुकेको देखिन्छ । जसको लागि दायाँ खुट्टाअलि खुम्चाएकोछ । (हेर्नुस् चि.फ.नं.२४)।

**कुबेर भिमसेन तथा शिवलिङ्ग :**

११ औं शको तारा रहेको भित्ताकोसँगै अर्को भित्तामा कुवेर भिमसेन तथा महादेव सहित रहेको अभिलेख रहेको छ । यसमा बीचमा शिलिङ्ग तथा दायाँ बायाँ क्रमश भिमसेन तथा कुवेर रहेको छ । भिमसेन पद्मासनमा बसेकोछ । जसमा भिमसेन दुबै खुट्टा अकासतिर माथि फर्काएर बसेको छ । दायाँ हातमा गदा तथा बायाँ हात तिघ्रामा बलपूर्वक टेकेको जस्तो देखिन्छ । शिरमा मुकुट तथा प्रभाव मण्डल अण्डाकार देखिन्छ । आँखा गोलो नाक मोटो, घाटीमा कण्ठहार तथा माला लगाएको देखिन्छ भने कानमा कुण्डल लगाएकोछ ।

बायाँतिर कुवेर अर्धपर्याङ्कसनमा बसेको दायाँहात बरद मुद्रा तथा बायाँ हातमा धनको पोको समातेकोछ । पृष्ठभागमा धोतीको छेउ बट्टेदार रुपमा देखाएकोछ । यस अभिलेखको लम्बाई ३६ू तथा चौडाई १३ू छ । यस शिलालेखमा निम्न कुरा

ॐ सम्वत् ७५१ बैशाख शुक्ल अक्षय त्रितिया श्री श्री जय जगतज्योर्ति मल्ल प्रभु ठाकुर सन् पाठ सत्र देंक प्रतिस्था याना दिन जुरो । शुभ मस्तु । (हेर्नुस् चि.फ.नं.२५)।

**१७ औं श.को विष्णु**

राष्ट्रिय कला संग्रहालयको छिडीको दोश्रो कोठामा १७ औं शताब्दीको विष्णुको मूर्ति रहेकोछ । यहाँ भगवान विष्णु कमलासन माथि दुबै खुट्टा पलेटी मारेर बसेकोछ । जसमा पाइतालारु आकारतिर फर्काएकोछ । यो आसनलाई कमलासन पनि भनिन्छ । पादपीठको बीचमा फूल, पात तथा बिन्दुमय बुट्टाहरु छन् । कमालासनको बीचबाट बुट्टेदार कमरबन्धको छेउ झरेको जस्तो देखिन्छ । कम्मरमा कमरबन्ध बायाँतिर काँधबाट यज्ञपवित लगाएकोछ । घाटीमा कण्ठहार दुबै कानमा पत्रकुण्ल ,कानको पछाडी आकर्षक बुट्टा देखिन्छ । दुबै काँधको दायाँबायाँ कपाल देखाइएकोछ । शिर पछाडी आकर्षक गोलो प्रभावली छ । जसको वरपर छेउमा अग्नी ज्वाला सहितको तीन तहको आकर्षक बुट्टा देखिन्छ । शिरमा किरिट मुकुट जसको बीचमा कमलपुष्प देखिन्छ । पृष्ठभाग छेउ छेउमा अग्नी ज्वाला सहित आकार्षक बट्टा देखिन्छ । पृष्ठभाग तलतिर भन्दा माथितिर चौडाछ । माथितिरको भाग अण्डाकार हुँदै चुच्चो परेकोछ । खट्टामा कल्ली, नारीमा बाला तथा पाखुरामा केयूर लगाएकोछ । चार हातहरु मध्ये दायाँतिरको हातहरुमा क्रमश तलदेखि पद्मपुष्प तथा चक्र र बायाँतिरको हातहरुमा क्रमश शंख तथा गदा रहेको छ । ़सानो मुख, पातलो ओठ,चुच्चो नाक लाम्चो आँखा तथा निधारमा तिलक लगाएको छ । यो मूर्तिको आँखा बुढानिलकण्ठको जलसयन नारायणको जस्तो खोलेर हेरिरहेको जस्तो देखिन्छ ।अनुहारको भाव हसिलो देखिन्छ । यो मूर्तिको पादपिठ खैरो फुस्रो ढुंगाबाट बनेको छ भने मूर्ति कालो फुस्रो ढुंगाबाट बनेको छ । यो मूर्तिको कम्मर पातलो तथा लाम्चो बनाएकोछ । पृष्ठभाग हावादारी तथा बढी अलंकृत देखिन्छ । जसले यो मूर्तिमा पाल कलाशैलीको प्रभाव देखिन्छ । (हेर्नुस् चि.फ.नं.२६)।

**१५ औं श. को शिव नृत्येश्वर :**

भक्तपुर कला संग्रहालयमा १५ औं शताब्दीको नृत्यस्वरुपको मूर्ति रहेकोछ । जुन शिवको मूर्त नृत्येश्वर मध्ये एक हो । जसको उचाई १४.२ तथा उचाई ८.४ र पादपीठको लम्बाई १२.४ तथा चौडाई ८ र उचाई ६ रहेकोछ । पादपीठ चारकुने दायाँ बायाँ खुट्टाको आकृती रहेकोछ । यसको माथिल्लो छेउमा बुट्टाहरु तथा तल बिन्दुमय बुट्टाको बीचमा फूल रहेको छ । यो मूर्ति कमलासन माथि नन्दी अगाडीको दुबै खुट्टाहरु पट्याएर टाउको पछाडी फर्काएर नृत्य स्वरुप शिवको अनुहार हेरिरहेको छ । शिवले बायाँ खट्टा अलि खुम्च्याएर नन्दी माथि बल पूर्वक टेकेको देखिन्छ । दायाँ खट्टा बायाँ हातले समातेको जस्तो देखिन्छ । बैजन्तीमाला शिवको पिडौला सम्म रेकोछ । नागको खुट्टामा कल्ली, नारीमा बाला तथा पाखुराको केयुर बुट्टेदार देखिन्छ । खुट्टाको पछाडी बुट्टेदार धोतीको छेउ देखिएकोछ । चौधवटा हातहरु भएको यस मूर्तिमा दायाँतिरको हातहरुमा क्रमश : बरदमुद्रा, अभयमुद्रा, चक्र, शक्ति, पाश र डमरु रहेको छ भने बायाँतिरको हातहरुमा तल देखि क्रमश : कलश, ढाल, त्रिशुल र तीन वटा हातको आयुधहरु खण्डित देखिन्छ । घाटीमा कण्ठहार तथा कानमा सर्प कुण्डल लगाएकाएको देखिन्छ । पाँच वटा टाउको रहेको यस मूर्तिमा बीचको टाउकोको मुकुट बीचमा खण्पड रहेकोछ । सबै शिरमा किरिट मुकुट रहेको देखिन्छ । सबै अनुहारमा पातलो ओठ, चुच्चो नाक, लाम्चाो आँखा तथा निधारमा तेश्रो आँखा रहेकोछ ।

यो मूर्तिको पृष्ठभाग अत्यधिक अलंकृत तथा वरपर अग्नी ज्वाला तथा माथितिर अण्डाकार हुँदै चुच्चो परेकोछ । मूर्ति तथा नन्दी अत्यधिक मात्रमा अलंकृत हुनु तथा अस्वभाविक रुपमा हातहरु देखाउनु यस मूर्तिमा पालशैलीको प्रभाव देखाउछ । नन्दी अस्वभाविक रुपमा पछाडी फर्केको देखिन्छ । यो मूर्ति पादपिठ खैरो फुस्रो ढुंगाबाट बनेकोछ भने मूर्ति कालो चम्किलो ढुंगाबाट बनेकोछ । (हेर्नुस् चि.फ.नं.२७)।

**१५ औं श.को हरिशंकर**

हरि भन्नाले भगवान विष्णुलाई बु ाउँछ । जसले वैश्रव धर्मको प्रतिनिधित्व गर्दछ । शंकर भन्नाले भगवान शिवलाई बुझाउँछ । जसले शैव धर्मको प्रतिनिधित्व गर्दछ । हरिशंकरको मूर्तिमा आधा भाग भगवान विष्णुको तथा आधा भाग भगवान शंकरको हुन्छ । यस मूर्तिले वैश्रव तथा शैव धर्म बीचको धार्मिक सहिष्णुता देखाउछ । मध्यकालमा यस्ता हरिशंकरको मूर्तिहरु प्रशस्त बनेको पाइन्छ । जसलाई मिश्रित मूर्ति पनि भनिन्छ । मध्यकालमा बनेका यस्ता मूर्तिहरु मध्ये राष्टिय कला संग्रहालयमा रहेको १५ औं शताब्दीको हरिशंकरको मूर्ति पनि एक हो । जसको उचाई १४ तथा चौडाई ८.४ रहेकोछ भने पादपीठको लम्बाई १०.१० , चौडाई ८.४ र उचाई ६ रहेकोछ । शिव तथा विष्णुको मिश्रित यो मूर्ति समभंग शैलीको स्थानक मूर्ति हो । जसलाई समानपाद भंग पनि भनिन्छ । जसमा दुबै खुट्टा एकदम सिधा बनाएर उभिएको छ । यो मूर्तिको पादपीठ चारकुने रहेकोछ । जसको दायाँ बायाँ खुट्टाको जस्तो आकृति रहेकोछ । बीचमा बिन्दुमय घेरा भित्र फूलको आकृती रहेको छ । मूर्ति कमलासनमा रहेको छ । दायाँ बायाँ विष्णु तथा शंकरको बाहनहरु नन्दी तथा गरुड रहेको छ नन्दीले मूर्तिमा हेरिरहेको तथा गरुड नमस्कार मुद्रामा रहेकोछ । पृष्ठभाग कमलाको फूल, मूर्तिको लगाएको धोतीको छेउ र अग्नी ज्वालाले सिगारेकोछ । माथितिर अण्डाकार हुँदै चुच्चो परेकोछ । दायाँ खुट्टामा सर्पको कल्ली तथा बायाँ खुट्टामा फूलको कल्ली लगाएकोछ । तिघ्रा सम्मा बैजन्तीमाला तथा तिन तहको पटुका रहेको देखिन्छ । कम्मरमा कमरपेटी तथा दुबै खुट्टाको बीचमा धोतीको छेउ झरेको देखिन्छ । घाँटीमा कण्ठहार र माला रहेकोछ । यो मूर्तिको दायाँ भागले भगवान शिवको प्रतिनिधित्व गर्दछ । चार हात भएको यस मूर्तिमा दायाँतिरको तल्लो हातमा रुद्राक्षमाला तथा माथिल्लो हातमा त्रिशुल र बायाँतिरको तल्लो हातमा शंख तथा माथिल्लो हात खण्डित रहेकोछ । दायाँ कानमा सर्प कुण्डल तथा बायाँ कानमा पत्र कुण्डल रहेकोछ । बायाँतिर जटा मुकुट तथा बायाँतिर किरिट मुकुट रहेकोछ । प्रभावली अण्डाकार भएर माथितिर चुच्चो तथा वरपर अग्नी ज्वाला रहेको छ । (हेर्नुस् चि.फ.नं.२८)।

**१७ औं श. को शिव र पार्वती :**

यस संग्रहालयमा रहेको १७ औं श को शिव र पार्वती मूर्ति रहेको छ । यो मूर्तिलाई शिवको सौम्य स्वरुप छ । यो मूर्तिको उचाई १३.६ तथा चौडाई ९.८ छ । जसको पादपीठको लम्बाई ११.१० र उचाई ६ तथा चौडाई ८.४ छ । यो मूर्तिमा बायाँतिर पार्वती दुबै खुट्टा यक्षको माथि राखेर बसेकी छिन् । पार्वतीको दायाँ हात शिवको पछाडी बायाँ हातमा कमलपुष्प समातेर बायाँ घुँडामाथि राखेको देखिन्छ । पार्वती खट्टा बुट्टेदार धोतीले धाकेको देखिन्छ । खुट्टामा पाउजू तथा कम्मरमा कम्मर पेटीले धोती अड्काएकोछ । घाटीमा कण्ठहार, माला, तथा कानमा पुष्पकुण्डल रहेको छ । शिरमा मुकुट तथा शिर पछाडी त्रिशुल रहेकोछ । यो मूर्तिमा दायाँतिर भगवान शिव अर्धपर्यासनमा बसेकोछ । जसमा दायाँ खुट्टा पट्याएर घुडा उठाएकोछ । यो घुँडा माथि दायाँतिरको अभय मुद्रामा रहेको हात अड्याएकोछ । बायाँ खट्टा पलेटी मारेर पार्वतीलाई बसाएकोछ । शिवको खुट्टाको कल्ली, नारीको बाला, तथा पाखुरामा सर्पको केयूर लगाएकोछ । कम्मरमा कम्मरपेटी, गलामा कण्ठहार र सर्पको माला लगाएकोछ । यो मूर्तिमा दायाँतिर दुई हात मध्ये माथिल्लो हातमा रुद्राक्षको माला लिएकोछ । बायाँ तिरको एउटा हात पार्वतीको कुममा राखेको छ भने अर्को हात देखिएको छैन् । चुच्चो नाक, लाम्चो आँखा, सानो मुख तथा शिरमा जटा मुकुट तथा जटा मुकुटमा सर्प रहेकोछ । अण्डाकारको प्रभावली र प्रभावलीको वरपर अग्नी ज्वाला छ ।

यो मूर्तिको पृष्ठभाग प्वाल भएको हावादारी छ । दुबै मूर्तिमा कम्मर पातलो छ । यो मूर्तिमा कमलासन रहेकोछ । पृष्ठभाग माथितिर अण्डाकार हुदै चुच्चो भएकोछ । पादपिठ बीचमा बिन्दु सहितको बट्टा तथा दायाँबायाँ छेउमा खुट्टा देखाइएकोछ । यो मूर्ति फुस्रो ढुंगाबाट बनेको तथा यसमा पाल कलाशैलीको प्रभाव परेकोछ । (हेर्नुस् चि.फ.नं.२९)।

**१७ औं श.को उमा शंकर :**

यस कला संग्रहालयको छिडीको दोश्रो कोठामा १७ औं श.को अर्धनारेश्वर मूर्ति राखिएकोछ । जसलाइ् उमाशंकरको अर्धनारेश्वरको मूर्ति भनिएको छ । यस संग्रहालयमा रहेको अर्धनारेश्वरको मूर्ति कलासनमा बसेको पाइन्छ । यो मूर्तिको उचाई १६ तथा चौडाई १२.७ रहेको छ । पादपीठको लम्बाई १२.१४ , चोडाई ९.१० तथा उचाई ६ रहेको छ । आठ वटा हात भएको यो मूर्तिमा दायाँ भाग पुरुष मूर्तिको हो भने बायाँ भाग नारी मूर्ति को हो । कम्मरमा कम्मर पेटी घाटीमा कण्ठहार तथा माला तथा बैजन्तीमाला काख सम्म झरेकोछ । दायाँ तिरको चारवटा हातहरु मध्ये तीन वटा हातको आयुधहरु खण्डित छ भने सबै भन्दा मथिल्लो हातमा टाउको समातेको देखिन्छ । बायाँतिरको चार वटा हातहरु मध्ये सबै भन्दा तल्लो हातमा टंका र तेश्रो हातमा कमल पुष्प छ । दोश्रो तथा चौथो हातको आयुधहरु खण्डित छन् । चार वटा टाउको भएको यो मूर्तिमा बीचको टाउकोमा दायाँ कानमा पत्रकुण्डल तथा बायाँ कानमा पुष्पकुण्डल रहेको छ । मुकुट किरीट मुकुट लाम्चो आँखा, चुच्चो नाक, निधारको भाव शान्त देखिन्छ ।यो मूर्तिमा बायाँतिरको स्तन पुष्ट छ । यो मूर्तिमा पृष्ठभाग हावादारी तथा माथिल्लो भाग अण्डाकार हुँदै चुच्चो परेकोछ । वरपर अग्नी ज्वाला रहेकोछ । यो मूर्तिमा पाल कलाशैलीको प्रभाव देखाउँछ । यो मूर्ति फुस्रो ढुंगाबाट बनेको छ । (हेर्नुस् चि.फ.नं.३०)।

**१७ औं श.को लक्ष्मी नारायण :**

यस कला संग्रहालय भक्तपुर १७ औं शताब्दीको लक्ष्मी नारायणको मूर्ति अर्धनारेश्वरको मूर्तिको अर्को उदाहरण हो । जसमा प्रकृतिको प्रतिनिधित्व लक्ष्मीले तथा पुरुषको प्रतिनिधित्व विष्णुले गरेको छ । बायाँतिर आधा भाग लक्ष्मीको हो भने दायाँतिरको आधा भाग विष्णुको हो । यो मूर्तिको पादपिठ लम्बाई १३ , चौडाई ९ र उचाई ३.६ छ । जसको अगाडी दायाँ बायाँछेउतिर केहि खुम्चाको खट्टाको आकृति रहेकोछ । जसले बल पूर्वक भूईमा टेकेको जस्ता देखिन्छ । बीचमा फुलको वरपर लहरा देखिन्छ । जसको माथि कमलासनमा रहेको विष्णुको मूर्ति रहेकोछ । जसको आकासतिर फर्काएको बायाँ पाइतालामा श्रीयन्त्रको जस्तो आकृती रहेकोछ । बैजन्ती माल काख भन्दा तल रेकोछ । नारीमा बाला, पाखुरामा केयूर तथा घाटीमा कण्ठहार तथा चक्रसहितको माला रहेकोछ । यो मूर्तिमा बायाँतिरको आधा शरीर लक्ष्मीको हो । जसमा पुष्ट स्तन र चार हातहरुमा पनि लक्ष्मीको आयुधहरु रहेकोछ । यी आयुधहरु तल देख क्रमश : कलश, ऐना, र शक्ति रहेको छ । दायाँतिरको शरीरको भाग विष्णुको भएको हुदा दायाँतिरको चार हातहरुमा विष्णुको आयुधहरु छन् । जसमा तल देखि क्रमश : कमल पुष्प, गदा, शंख र चक्र रहेकोछ । बायाँ कानमा कमल पुष्प र दायाँ कानमा पश कुण्डल र शिरमा किरिट मुकुट रहेकोछ । लाम्चो आखा तथा चुच्चो नाक तथा निधारमा रामतिलक रहेकोछ । प्रभावली र पृष्ठ भागको छेउछेउमा अग्नी ज्वाला रहेको छ । पृष्ठभाग प्वाल भएको हावादारी छ । मुर्तिमा अत्यधिक आभुषण तथा तान्त्रिक प्रभावको कारण अत्यधिक हातहरु देखाउनु यो मूर्तिमा पाल कलाशैलीको प्रभाव देखाइएकोछ । यो मूर्ति कालो फुस्रा ढुंगाबाट बनेको छ ।

(हेर्नुस् चि.फ.नं.३१)।

**सूर्य १७ औ. शताब्दी :**

मल्लकालिन सूर्यमूर्तिहरु मध्ये कला संग्रहालयमा रहेको १७ शताब्दीको सूर्य मूर्ति पनि एक हो । यो मूर्ति स्थानक शैलीमा छ । यो स्थानक शैलीलाई आलिढ स्थानक शैली भनिन्छ । जसले वीर एवं आक्तमण भाव देखाउँछ । जसमा सूर्य मूर्तिको दायाँ खुट्टा अगाडीतिर थोरै खुम्चिएको देखिन्छ । बायाँ खुट्टा पछिल्तिर तन्काएर टेकेको देखिन्छ । यो मूर्ति खैरो ढुंगाबाट बनेकोछ । यस मूर्तिमा अत्यधिक हातहरु देखाईएकोछ । जसले गर्दा यो मूर्तिमा तान्त्रिक प्रभाव परेको देखिन्छ । यो मूर्तिको २८.५ र चौडाई १७ रहेकोछ । यो मूर्तिमा कमलासनमा माथि दायाँ बायाँ घोडा बसेकोछ । सूर्यले यी घोडहरुको ढाडमा टेकेकोछ । सर्यको खुट्टामा कल्ली, नारीमा बाला तथा पाखुरामा केयूर लगाएकोछ । घुँडा सम्म बैजन्ती माला , तिघ्रा सम्म बुट्टेदार तीन तहको पटुका झरेको देखिन्छ । दुबै खुट्टाको बीचमा कमरबन्धको छेउ बुट्टेदार रुपमा देखाइएकोछ । कम्मरमा धोती अड्काउन कमर पेटी तथा बुट्टेदार धोती घुँडा सम्म आएकोछ । घाटीमा कण्ठहार तथा चार वटा टाउको भएको यो मूर्तिमा तल्लो तीन टाउको मध्ये बीचको टाउकोको दायाँ बायाँ कानमा पत्रकुण्डल देखिन्छ । दश वटा हात भएको यो मूर्तिमा तल्लो दायाँ बायाँ दुबै हातले कमलको फुल समातेर छात्ती सम्म पुऱ्याएकोछ । दायाँतिरको अन्य चार हातहरुमा तल देखि बरद मुद्रा, अक्षमाला, शक्ति र बायाँतिरको तल्लो हात अभय मुदा, त्रिशुल, धनुष, र ढाल रहेकोछ । लाम्चो आँखा, चुच्चो नाक, सानो ओठ र मुकुट लगाएकोछ । माथिल्लो टाउको पछाडी प्रभावली र चारै वटा टाउको पछाडी वरपर अग्नीज्वाला भएको प्रभावली रहेकोछ । पृष्ठभागको वरपर पनि अग्नी ज्वाला रहेकोछ । पुष्ठभाग माथितिर अण्डाकार हुदै चुच्चो परेकोछ । मूर्ति पछाडी पृष्ठभागमा धोतीको छेउ बुट्टेदार रुपमा देखाएकोछ ।

यो मूर्तिम तान्त्रिक प्रभाव परेको छ । यो मूर्ति खैरो ढुंगाबाट बनेकोछ । मूर्ति अत्यधिक मालामा अलंकृत देखिन्छ । साधारणतया सूर्यको मूर्ति फलकमा सब अग्लो बीचमा सूर्य तथा दायाँ बायाँ डण्डी र पिंगल रहेको हुन्छ ।सहायक देवटा भएको हुदा यिनीहरुको उचाई सूर्यको दाजोमा होचो हुन्छ ।[९]

---

[९] प्रतापादित्य पाल,*दि आर्ट अफ नेपाल पार्ट १* ( नेडरल्याण्ड : ई . जे . ब्रिल लिडेन,१९७४)पृ. १४२।

नेपालमा सूर्य मूर्तिमा उत्तर भारतिय र दक्षिण भारतीय दुबै परम्पराको मूर्तिहरु पाइन्छ । उत्तर भारतका सूर्यमूर्तिले उदीच्यवेष लगाएको हुन्छ । जसमा प्रमुख लामो अलखा र बुट जुत्ता हुन्छन् । तर दक्षिण भारतीय परम्पराको सूर्यमूर्तिमा भने सामान्य किसिमको धोती लगाएको हुन्छ । सूर्यका यी मूर्तिहरु मध्ये कुनै कुनैमा अभिलेख कुदिएको र मिति समेत अं ित भएको पाईन्छ । यिनमा धेरैजसो माध्यमिक वा पछिल्ला मल्लकालका छन् ।[१०] (हेर्नुस् चि.फ.नं.३२)।

**मातँ**

यस संग्रहालयको मातँमा तीन कोठाहरु छन् । पहिलो र दोश्रो कोठाहरु लबिले जोडेकोछ । छिडिबाट मातँ कोठामा जान काठको भऱ्याङ्ग बनाइएकोछ । जहाँबाट माथि जाँदा पहिलो कोठामा शाहवंशीय राजाहरुको तस्वीर तथा केहि चित्रकलाहरु प्रदर्शन गरिएकोछ । यो पहिलो कोठा र लालबैठकलाई लबिले जोडेकोछ । यो लबिको दायाँपट्टिको भित्ताका खोपाहरुमा ढुङ्गाको मूर्तिहरु प्रदर्शन गरिएकोछ भने बायाँतिरको भित्तामा चित्रकलाहरु प्रदर्शन गरिएकोछ ।

**नारायणको मूर्ति :**

मातँको लबिको बायाँतिरको पहिलो खोपामा ढुङ्गाको नारायणको मूर्ति प्रदर्शन गरिएकोछ । जसको उचाई ११ ॢ र चौडाई ७ ॢ रहेको छ । यो मूर्तिको आसनमा कमल हो । यो मूर्तिको दायाँ पट्टि नमस्कार मुद्रामा गरुड रहेको छ । तल पट्टि दायाँ बायाँ पृष्ठभागमा कमलपुष्प रहेको छ । कम्मर भन्दा तल धोतीले छोपेको छ । कम्मरमा कम्मर पेटीले धोती अड्काइएकोछ । दुबै खट्टाको बीचमा धोती मुजा रहेको छ । खुट्टामा कल्ली, नारीमा बाला र पाखुरामा केयूर रहेको छ । वनमाला घुडा भन्दा तल सम्म रहेको तथा घुडा सम्म पटुका झरेको छ । बायाँतिरबाट यज्ञपवित लगाएकोछ । घाटीमा कण्ठहार तथा कानमा पत्रकुण्डल रहेकोछ । शिरमा किरिट मुकुट तथा अण्डाकार प्रभावली रहेको छ । निधरमा तिलक तथा आखा लाम्चोछ । आखा खोलेर हेरिरहेको जस्तो देखिन्छ । चारहात भएको यो मूर्तिमा दायाँतिर शैख र कमलपुष्प र बायाँतिरको हातमा गदा र माथिल्लो हातको आयुध भग्न रहेको छ । पृष्ठ भाग माथितिर अण्डाकार हुँदै चुच्चो छ । पृष्ठभाग तथा प्रभावलीको वरपर अग्नी ज्वाला रहेको छ ।

यो मूर्ति कालो चम्किलो ढुंगाबाट बनेको छ । यो मूर्ति कमालसन माथि रहेको स्थानक मूर्ति हो । यो स्थानक शैली समभङ्गस्थानक शैली हो । जसमा शरीरको सबै भार दुबै खुट्टामा पर्ने गरि सिधा खम्बा जस्तो भएर उभिएको छ । पादपीठमा प्वाल तथा पादपीठका वरपर अग्नी ज्वाला रहेको छ । यो मूर्ति अत्यधिक अलंकृत देखिन्छ । यो मूर्तिमा पाल कलाशैलीको प्रभाव रहेको छ । यस आधारमा यो मूर्ति मध्यकालिन देखन्छ । (हेर्नुस् चि.फ.नं.३३)।

**देवी मूर्ति :**

मातँको लबिको बायाँतिरको पहिलो खोपामा ढुङ्गाको देवीको मूर्ति प्रदर्शन गरिएकोछ । यो मूर्तिको नाम दिइएको छैन् । बायाँतिरको कुम देखिको भाग भग्न रहेकोछ । मूर्तिलाई गहिरीएर अध्ययन गरेको खण्डमा यो मूर्ति देवी जस्तो देखिन्छ । यो मूर्ति खैरो बलौटे ढुंगाबाट बनेको छ । यो मूर्तिको उचाई १२.५ ॢ र चौडाई ५.५ ॢ रहेको छ । (हेर्नुस् चि.फ.नं.३४)।

**शिव पार्वती :**

मातँको लबिको बायाँतिरको पहिलो खोपामा ढुङ्गाको उमामहेश्वरको मूर्ति राखिएकोछ । जसलाई शिव र पार्वतीको ढुंगाको भनि नाम दिएको छ । यो मूर्तिको शिर्ष भागमा शिवलिङ्ग बीचमा र दायाँ बायाँ चन्द्र र सूर्य रहेको छ । त्यो भन्दा मूनि देवगण नमस्कार मुद्रामा रहेको र अन्य आकृतिहरु त्यत्ति स्पष्ट छैन् । बीच भागमा शिव र पार्वती रहेको छ । शिव जीको चार वटा हातहरु रहेकोछ । जस मध्ये बायाँ हातमा त्रिशुल रहेको छ भने अन्य हातको आयुधहरु त्यत्ति स्पष्ट छैन् । शिव जीको दायाँ खुट्टा आसनीबाट तल झारेको जस्तो देखिन्छ । शिवजीको बायाँ तिर पार्वती दुबै गोडा आसनीबाट तल झारेर बसेको देखिन्छ । दायाँ हातले आसनीमा टेकेको बायाँ हातमा कमलपुष्प समातेको देखिन्छ । शिव जीको दायाँ तिर नन्दीको आकृति देखिन्छ । सबै भन्दा तल्लो तहको आकृतिहरु त्यति स्पष्ट छैन् ।

यो शिला फलक गहिरेर अध्ययन गरेको खण्डमा यसलाई पनि मध्यकालिन उमामहेश्वरको मूर्ति भन्न सकिन्छ । यो कालो गरुङ्गो ढुंगाबाट बनेको देखिन्छ । यसको उचाई १९ ॢ र चौडाई १६ ॢ रहकोछ । (हेर्नुस् चि.फ.नं.३५)।

**नारायण :**

मातँको लबिको बायाँतिरको पहिलो खोपामा ढुङ्गाको नारायणको मूर्ति राखिएकोछ । यो नारायणको मूर्ति कमलासनमा स्थानक शैलीमा रहेको छ । यो स्थानक शैलीलाई समभंग स्थानक शैली भनिन्छ । पृष्ठभागको सबै भन्दा तल दायाँ बायाँ कमलपुष्प रहेको छ । खुट्टामा कल्ली, नारीमा बाला र पाखुरामा केयुर लगाएको छ । कम्मर देखि तल छड्के बट्टा भएको धोती तथा

---

१० वाङ्देल, लैनसिंह : प्राचिन नेपाली मूर्तिकलाको इतिहास ( २०३९, नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान) सूर्यमूर्ति, पृ. ८६

कम्मरमा धोती अड्याउन कम्मर पेटी लगाएकोछ । घाँटीमा कण्ठहार, बनमाला तथा बायाँ तिरबाट यज्ञपवित लगाउको छ । यो चारवटा हातहरुमा शंख, चक्र, गदा र पद्म रहेको छ । कानमा पत्रकुण्डल, शिरमा किरिट मुकुट तथा निधारमा तिलक लगाएको छ । प्रभावली अण्डाकार हदै माथितिर चुच्चो परेको छ । यो मूर्तिको पृष्ठभाग माथितिर अण्डाकार हुँदै चुच्चो परेको छ । प्रभावली तथा पृष्ठभागको वरपर अग्नी ज्वाला रहेको छ । यो मूर्तिमा पाल कलाशैलीको प्रभाव परेकोछ । यो मूर्ति खैरो ढुंगाबाट बनेको छ । यसैले यस मूर्तिलाई पनि मध्यकालिन मूर्ति भन्न सकिन्छ । (हेर्नुस् चि.फ.नं.३६)।

**छत्रचण्डेश्वर :**

मातँको लबिको बायाँतिरको पहिलो खोपामा ढुङ्गाको छत्रचण्डेश्वरको मूर्ति राखिएकोछ । शैव धर्ममा विभिन्न सम्प्रदायहरु छन् । जस मध्ये पाशुपत सम्प्रदाय पनि एक हो । यहि पाशुपत सम्प्रदायमा लकुलिश वा लकुलिन पनि पर्दछ । जसलाई नेपालमा छत्रचण्डेश्वर भन्ने गरिन्छ । यस कला संग्रहालयको मातन दोश्रो कोठामा छत्रचण्डेश्वरको मूर्ति प्रदर्शन गरिएको छ । जसको उचाई ६ र चौडाई ४.५ रहेको छ । समभंग स्थानक शैलीमा रहेको यो मूर्तिको आसन खण्डित रहेको छ । खट्टामा कल्ली, नारीमा बाला तथा पाखुरामा गोलो केयूर लगाएको छ । घाटीमा रुद्राक्षको माला तथा कण्ठहार तथा कानमा कुण्डल लगाएको छ । शिरमा जटामुकुट रहेको छ । जटा मुकुटमा रुद्राक्षमाला बेरेको देखिरन्छ । चार वटा हातहरु भएको यो मूर्तिमा दायाँको दुई हातहरुमा बिज तथा रहेको छ । बायाँ हातहरुमा तुम्बी तथा त्रिशुल रहेको छ । यो मूर्तिको पृष्ठभाग माथितिर अण्डाकार हुदै चुच्चो परेको छ । पृष्ठ भाग वरपर अग्नी ज्वाला रहेको छ । यो मूर्तिमा पाल कलाशैलीको प्रभाव देखिन्छ । यो मूर्ति खैरो ढुंगाबाट बनेकोछ । (हेर्नुस् चि.फ.नं.३७)।

**चन्द्रमा १४६९ ई.सं. :**

मातँको लबिको बायाँतिरको दोश्रो खोपामा ढुङ्गाको चन्द्रमा १४६९ ई.सं.को मूर्ति राखिएकोछ । यो मूर्ति यहाँ भक्तपुरको सिद्धपोखरीको पूर्वतर्फ घाटबाट ल्याइएको हो । यसको उचाई २८ र चौडाई १४ रहेको छ । यो मूर्ति चिल्लो खैरो ढुंगाबाट बनेको छ । यो मूर्तिमा पनि पाल कलाशैलीको प्रभाव देखिन्छ ।

यो मूर्तिको पादपीठमा ६ पंक्तिको नेवारी लिपिमा ने.सं. ५८९ को अभिलेख कुदिएको छ । जसको माथि बीचमा कमलको फूल र दायाँ बायाँ बलिष्ट पुरुष रक्षक हातमा गदा लिएर बसेका छन् । यसको माथि देखि वरपर पृष्ठ भागमा अग्नी ज्वाला रहेको छ । त्यस भन्दा भित्र चन्द्रमाको स्रोह्र वटा कलाहरु अति कलात्मक ढंगले चन्द्रमालाई घेरेर रहेको छ । यस मूर्तिमा चन्द्रमा सात वटा हाँसले तानेको रथमा सवार भएको जस्तो देखिन्छ । जसको लगाम बीचमा बसेको सारथी अम्बरको हातमा रहेको छ । यिनको दायाँ बायाँ स्त्री मूर्तिहरु बाण हान्न लागेको अवस्थामा छन् । अम्बरको पछाडी चन्द्रमाको मूर्ति रहेको छ । जसको दुबै हातहरु कमलपुष्पको डाठ समातेर वक्षस्थल सम्म पुऱ्याएको छ । चन्द्रमाको नारीमा गोलो बाला र पाखुरामा बट्टेदार केयुर रहेको छ । कानमा पुष्प कुण्डल तथा शिरमा मुकुट रहेको छ । प्रभावली तह तह परेको बुट्टेदार छेउमा ज्वालाबली रहेको छ । यस प्रभावलीको वरपर अर्को प्रभावली रहेको छ । यो पनि तह तह परेको बुट्टा सहित छेउमा अग्नी ज्वालारहेको छ । (हेर्नुस् चि.फ.नं.३८)।

**सूर्य मूर्ति १४६९ :**

मातँको लबिको बायाँतिरको तेश्रो खोपामा ढुङ्गाको सूर्य मूर्ति १४६९ ई.सं.को राखिएकोछ । सूर्य मूर्ति पनि भक्तपुरको सिद्धपोखरीको पूर्व तर्फको घाटबाट ल्याइएको हो । खैरो चिप्लो ढुंगाबाट बनेको यो मूर्तिको उचाई २९ र चौडाई १८ रहेको छ । यो सूर्य मूर्तिको पादपीठ सादा छ । पादपीठ भन्दा माथि बुट्टाहरु दायाँबायाँ सहायक देवताहरु रहेको छ । यो भन्दा माथि सात वटा घोडाहरु रथ तान्दै गरेको जस्तो देखिन्छ । रथको मूनि दायाँबायाँ डण्ड र पिङ्गलले रथलाई सुरक्षा दिइरहेका छन् । यो मूर्तिको शिर्ष भागमा शिवलि रहेको छ । जसको दायाँ बायाँ नवग्रह कुदिएको छ । सात वटा घोडाहरु सूर्यको सारथी अरुणले दुबै हातले समाति रहेको देखिन्छ । जसमा अरुणको लगाम भएको हात वक्षस्थलतिर लगेर घोडाहरुलाई कुद्न आग्रह गरिरहेको जस्तो देखिन्छ । अरुणको दायाँ बायाँ उषा र प्रत्यउषा रहेको छन् । जसले अध्यारो च्यातेर अज्यालो ल्याउन धनुष चलाई रहेको जस्तो देखिन्छ । अरुणको ठिक पछाडी सूर्य कमलासनमा बसेको छ । सूर्यको दुबै हातहरु सूर्यमुखी फूलको डाठ समातेर वक्षस्थल तिर लगेको देखिन्छ । यी दुबै सूर्यमुखी फूलहरु सूर्यको कुम माथि सम्म पुगेको देखिन्छ । सूर्यको छात्तीमा कवच र कानमा पुष्प कुण्डल लगाएकोछ । सूर्यले मुकुट लगाएको छ । सूर्यको प्रभावली अण्डाकार तथा तहतह परेको बु ा र वरपर अग्नी ज्वाला रहेको छ । सूर्य,अरुण, उषा र प्रतिउषा पछाडी रहेको प्रभावली पनि बिन्दुमय घेराको वरपर अग्नी ज्वाला रहेको छ । यो मूर्तिको पृष्ठभागको वरपर पनि अग्नी ज्वाला रहेको छ । यो मूर्ति पनि पाल कलाशैलीको प्रभाव देखिन्छ । (हेर्नुस् चि.फ.नं.३९)।

**लोकेश्वर :**

यो मूर्ति कमालासनमा बसेको छ । दायाँ बायाँ दुबै हात नमस्कार मुद्रामा रहेको छ भने माथिल्लो दायाँ बायाँको हातहरुमा क्रमश शंख र गदा लिएको छ । घाँटीमा रुद्राक्षको माला, कण्ठहार,कानमा कुण्डल तथा शिरमा मुकुट रहेकोछ । यो मूर्तिको उचाई १० चौडाई ८ रहेको छ । (हेर्नुस् चि.फ.नं.४०)।

**छत्र चण्डेश्वर :**

यस संग्रहालयको मातनको दोश्रो कोठाको पछिल्लो खोपामा छत्रचण्डेश्वरको मूर्ति पनि राखिएको छ। स्थानक यो मूर्तिको आसन कमल हो। यो मूर्ति कल्ली, बाला तथा केयूर गोलो छ। चार हातहरु भएको यो मूर्तिमा दायाँ दुई हातहरुमा अक्षमाला तथा बिज सहित बरद मुद्रामा छन् भने बायाँ दुई हातहरुमा तुम्बी तथा त्रिशुल रहेको छ। घाँटीमा कण्ठहार तथा अक्षमाला रहेको छ। कानमा सर्प कुण्डल लगाएकोछ। शिरमा जटा मुकुट रहेको छ। यो मूर्तिको उचाई ९ र चौडाई ६.५ छ। (हेर्नुस् चि.फ.नं.४१)।

**अष्टभुज लोकेश्वर :**

यस कला संग्रहालयमा रहेको अष्टभुज लोकेश्वरको उचाई १२ र चौडाई ९ रहेको छ। यो मूर्ति कालो चिप्लो ढुंगाबाट बनेको छ। यो मूर्ति कमलासन माथिको स्थानक मूर्ति हो। यो स्थानक शैलीलाई त्रिभंग स्थानक शैली भनिन्छ। जसमा टाउको वा गर्दन देखि कम्मर सम्मको भाग बायाँतिर र कम्मर देखि खुट्टाहरु सम्मको भाग दायाँतिर बाङ्गिएको छ। यो मूर्तिको दायाँतिरको सानो सहायक देवटाको मूर्ति कमलासनमा र दायाँतिरको मूर्ति अर्धपर्याङ्कासनमा रहेको छ। यी दुबै देवटाहरुले वरद मुद्रा प्रदर्शन गरेका छन्।

लोकेश्वरको नारीमा बाला र खु ामा गोलो कल्ली लगाएको छ। यो मूर्तिमा धोती लगाइएको छ। धोतीको छेउहरु पृष्ट भाग तथा दुबै खुाको बीचमा बुट्टादार रुपमा देखिएकोछ। तीन तहको पटुका तिघ्रा सम्म रेकोछ। कम्मरमा कम्मर पेटी लगाएको छ। घाँटीमा कण्ठहार र रुद्राक्ष माला लगाएको छ। दुबै कानमा पत्र कुण्डल तथा शिरमा मुकुट लगाएको छ। आँखा लाम्चो तथा अर्ध उन्मिलन छ। नाक चुच्चो तथा मुख सानो छ। अनुहारमा शान्त तथा करुणाको भाव रहेको छ। आठ वटा हात भएको यो मूर्तिमा दायाँतिरको चार वटा हातहरु क्रमश अभय मुद्रा, बरद मुद्रा, पाश तथा जपमाला लिएको छ। बायाँतिरको हातहरुमा क्रमश : पिण्डपात्र, कमल, त्रिशुल र पुस्तक रहेको छ। यस मूर्तिको आयुधहरु तथा आसनको आधारमा यो मूर्ति अमोघपाश लोकेश्वर हो। यो मूर्तिको पृष्ठभाग माथितिर अण्डाकार हुँदै चुच्चो भएको छ। पृष्ठभागको वरपर अग्नी ज्वाला रहेको छ। यो मूर्तिमा पाल कलाशैलीको प्रभाव देखिन्छ। यो मूर्तिको जिउ तथा खु हरुको अनुपात मिलेको छैन्। (हेर्नुस् चि.फ.नं.४२)।

**लक्ष्मी नारायण :**

यो मूर्ति सेतो फुस्रो ढुंगाबाट बनेको छ। यो मूर्तिको उचाई ११.५ र चौडाई ८.५ रहेको छ। यो मूर्ति फलकमा भगवान विष्णु दुबै खु हरु कृश गरेर स्थानक शैलीमा छ। विष्णुको बायाँ पटि लक्ष्मी अतिभंग स्थानक शैलीमा रहेकोछ। जसमा लक्ष्मीको टाउको र गर्दन देखि कम्मर सम्मको भाग दायाँतिर र कम्मर देखि घुँडा सम्मको भाग पनि दायाँतिर र दाहिने घुँडा देखि पाइताला सम्मको भाग बायाँतिर केको छ। बायाँ खु दायाँतिर जोड गरेर टेकेको जस्तो देखिन्छ। यो मूर्तिमा लक्ष्मीनारायण दुबैको एउटै आसन रहेको छ। यो आसन सर्प आसन हो। यो मूर्तिमा दायाँतिर विष्णुको वाहन गरुड नमस्कार मुद्रामा रहेको छ भने बायाँतिर पंक्षी रुपमा गरुड रहेको छ। यो मूर्तिमा लक्ष्मी र नारायण दुबैले बनमाला लगाएको देखिछ। दुबैले कम्मर पेटी लगाएको देखिन्छ। दुबैको धोतीको छेउहरु बुट्टाकार रुपमा पृष्ठभागमा रहेको छ। विष्णुको बायाँतिरको दुबै हातमा चक्र र गदा रहेको छ भने दायाँतिरको आयुधहरु त्यत्ति स्पष्ट छैन्। विष्णुलाई सप्तफण युक्त नागले छात्ता ओडाएकोछ। तर नागको टाउको भने भग्न रहेको छ। लक्ष्मीको दुई हातहरु मध्ये दायाँतिरको हात बरद मुद्रामा र बायाँतिरको हात अभय मुद्रामा रहेको छ। (हेर्नुस् चि.फ.नं.४३)।

**भक्तको मूर्ति :**

यस कला संग्रहालयमा रहेको भक्तको प्रस्तर मूर्तिको उचाई ९ र चौडाई ६.५ रहेको छ। यहाँ यस मूर्तिलाई प्रस्तर राजश्री मल्लकालिन भनिएको छ। यस मूर्तिमा भक्त नमस्कार मुद्रामा र बज्रासनमा रहेको छ। यो मूर्तिले कम्मर देखि तल जामा लगाएको छ भने कम्मरमा पेटी लगाएको छ। पेटीको दुबै छेउ अगाडी तिर झुण्डिएको देखिन्छ। कानमा पत्र कुण्डल तथा शिरमा पगरी लगाएको छ। (हेर्नुस् चि.फ.नं.४४)।

**लालबैठक**

यस संग्रहालयको मातँको तेश्रो कोठालाई मल्लकालमा लालबैठकको नामले जानिन्थ्यो। राजा भूपतिन्द्र मल्लले बनाएको यो कोठाको बनावट शैलीमा युरोपियन प्रभाव परेकोछ। यस सिंहध्वका दरबारको अन्य कोठाहरु भन्दा यो कोठा सबैभन्दा ठूलो, चारकुन्ने मिलेको तथा अग्लो छ। यसको भूईंमा फल्याक ओछ्याएकोछ। यसको झ्यालहरु आधुनिक प्रकार ठूलो तथा ऐनाको प्रयोग गरिएकोछ। हाल यस कोठाको भित्ताहरुमा थान्का चित्रहरु तथा दुई वटा ढुंगाको मूर्तिहरु क्रमश : विश्वरुप भैरव तथा हरिहरको मूर्तिहरु प्रदर्शन गरिएका छन् भने बीचमा लबिमा ऐनाको दराज बनाएर त्यस भित्र गाता चित्र तथा ग्रन्थचित्रहरु प्रदर्शन गरिएकोछ।

**विष्णुरुप भैरव :**

यस कला संग्रहालयको लालबैठको बायाँपट्टि भित्तामा विश्वरुप भैरवको मूर्ति राखिएकोछ। भैरव भगवान शिवको उग्ररुप हो। यस कला संग्रहालयको लालबैठकमा रहेको विष्णु रुप भरबको मूर्ति पाँच तहको आसन माथि रहेको स्थानक शैली हो। सबै भन्दा तल कमलासन रहेको छ। यो आसन अन्य आसनहरु भन्दा पछि राखेको जस्तो देखिन्छ। यो भन्दा माथिको

आसनहरु एकै ढिक्कामा रहेको छ । यी मध्ये सबै भन्दा तल चुच्चो बट्टा भएको आसन छ । जसले जमिनलाई बुझाउँछ । यो भन्दा माथि अग्नी ज्वालाहरु रहेको छ । जसलाई अग्नी ज्वालाको आसन भनिन्छ । यो भन्दा माथि सर्प, गोहि, कछुवा, शंख तथा कमलपुष्पको आकृति देखिन्छ । जुन पानीमा रहेको छ । यो आसनलाई जलाशय आसन भनिन्छ । यस भन्दा माथि कमलासन रहेको छ । यो कलासन माथि विष्णु रुप भैरव स्थानक शैली रहेको छ । भैरवको यो स्थानक शैलीलाई आलिढ स्थानक शैली भनिन्छ । जसमा भैरवले दायाँ खुट्टा अलि खुम्चाएको तथा बायाँ खुट्टा तेर्सो बनाएर बल पूर्वक कमालासन माथि टेकेको देखिन्छ । भैरवको बायाँ तिर शक्ति स्थानक शैलीमा रहेको छ । शक्तिको यो स्थानक शैलीलाई अतिभंग स्थानक शैली  भनिन्छ । जसमा विष्णुको टाउको र गर्दन देखि कम्मर सम्मको भाग बायाँतिर  झुकेको  देखिन्छ । कम्मर देखि बायाँ खुट्टाको भाग दायाँतिर र कम्मर देखि दायाँ खुट्टाको भाग बायाँतिर झुकेको देखिन्छ । शक्तिको दुबै खट्टाहरु कृश गरेको छ । भैरवले खुट्टामा कल्ली, नारीमा बाला, पाखुरामा केयुर सर्पको लगाएको छ । शक्तिको खट्टाको कल्ली धोतीले छोपेको जस्तो छ भने हातमा बाला तथा केयुर गोलो तहतह परेकोछ । भैरवको मुण्डमाला, बैजन्तीमाला सर्पको माला तथा कण्ठहार लगाएको छ । शक्तिले रुद्रक्षमाला, तुलसीमाला तथा कण्ठहार लगाएको छ । भैरवको दायाँ घुडामा मुखाकृती बनाइएको छ । भैरव र विष्णु दुबैले जालीदार जामा लगाएको छ । पृष्ठभागमा जामाको छेउ बुट्टादार रुपमा देखिएको छ । भैरवको चौध वटा हातहरु तथा शक्तिको आठ वटा हातहरु रहेको छ । भैरवको दायाँतिरको सातवटा हातहरुमा तलदेखि   क्रमश : बिज, डमरु, परशु, दण्ड, चक्र, शंख, तथा गज चर्मको छेउ समातेको जस्तो देखिन्छ । बायाँतिरको हातहरुमा क्रमश : बरद मुद्रा, रुद्राक्ष सहितको डण्ड, त्रिशुल, पात्र, कमलपुष्प, गदा, गज चर्मको छेउ समातेको जस्तो देखिन्छ ।

अष्टबाहु भएको शक्तिको दायाँतिरको चार हातहरुमा कलश, डमरु, परशु र शक्ति रहेको छ । बायाँ तिरको चार हातहरुमा कमलपुष्प, रुद्राक्ष, दण्ड र पात्र रहेको छ ।

भैरवको तह तह गरी पाँच वटा टाउको रहेको छ । तल्लो तहमा रहेको तीन वटा टाउकोहरु मध्ये बीचमा रहेका बीचमा रहेको अनुहारको दुबै कानमा सर्प कुण्डल लगाएको छ ।

शक्तिको चार वटा टाउको रहेको छ । जस मध्ये तल्लो तहमा रहेको तीन वटा टाउकोहरु मध्ये बीचको अनुहारमा पुष्पकुण्डल लगाएको छ । सबै शिरमा किरीट मुकुट लगाएको छ । तल्लो तिन वटा टाउकोहरु मध्ये बीचको टाउकामा चन्द्रकला सहितको मुकुट लगाएको छ । शक्तिले पनि चारै वटा शिरहरुमा किरण्ड मुकुट लगाएकोछ । भैरवको आँखा गोलो तथा बाहिर उठेको र निधारमा गालो आँखा छ । नाक मोटो तथा मुख आ गरेर जिब्रो बाहिर निकाल्न खोजेको जस्तो देखिन्छ । शक्तिको आँखा लाम्चो तथा निधारमा तेस्रो आँखा रहेको छ । मुख सानो छ । भैरवलाई सप्तफणा युक्त नागले छात्ता ओत्याएको छ ।

भैरवको अनुहारको भाव भयानक तथा आक्रमण गर्न लागेको जस्तो देखिन्छ । शक्तिको अनुहारको भाव शान्त तथा हसिलो देखिन्छ । पृष्ठभाग प्वाल भएको हावादारी तथा वरपर अग्नीज्वाला रहेको छ ।यो माथितिर अण्डाकार तथा माथितिर चुच्चो परेको छ । यो मूर्ति तान्त्रिक प्रभाव परेको देखिन्छ । यो मूर्ति कालो फुस्रो ढुंगाबाट बनेको छ । यो मूर्तिको उचाई ३६ र चौडाई २९ रहेको छ । (हेर्नुस् चि.फ.नं.४५)।

**हरिहर १७ औं शताब्दी :**

यस कला संग्रहालयको लालबैठकमा १७ औं शताब्दीको हरिहरको मूर्ति राखिएको छ । जसको उचाई ३२ र चौडाई १२.५ छ । यो मूर्ति दोहोरो कमलासन माथि रहेको स्थानक शैली हो । यो स्थानक शैलीलाई समभंग स्थानक शैली भनिन्छ । जसमा दुबै खुट्टाहरु सिधा बनाएर उभिएको छ । यी दुबै खुट्टाहरुमा शरीरको सम्पूर्ण भार परेको छ ।

यो मूर्तिको दायाँ भागले भगवान शिव र बायाँ भागले विष्णुलाई प्रतिनिधित्व गरेको  छ । पृष्ठभागमा दायाँबायाँ कमलपुष्प रहेको छ । दायाँ खुट्टामा सर्पको कल्ली र बायाँ खुट्टामा पुष्प कल्ली लगाएको छ । कम्मरमा उद्यरबन्ध लगाएको छ । दुबै खुट्टाहरुको बीचमा उदरबन्धको छेउ लच्केको देखिन्छ । दायाँतिर घुडा सम्म बाघम्बर तथा बायाँ तिरको घुडा सम्म बुट्टेदार धोती छापेको छ । कम्मरमा तिन तहको पेटी बुट्टादार रुपमा देखिएको छ । चार हात भएको यो मूर्तिमा दायाँतिरको हातहरुमा क्रमश : रुद्राक्षमाला तथा बायाँ हातहरुमा शंख तथा चक्र रहेको छ । दायाँतिर मुण्डमाला र बायाँतिर तुलसीमाला लगाएको छ । यो माला घुडा सम्म आएको छ । अन्य मालाहरुमा सर्पको माला तथा कण्ठहार लगाएको छ । दायाँ बायाँ दुबै काँधसम्म जटा आएको छ । दायाँ काधमा आएको जटा बायाँ कुमसम्म आएको भन्दा केहि लामो छ । दायाँ कानमा सर्प कुण्डल र बायाँ कानमा पत्र कुण्डल लगाएको छ । शिरमा किरिट मुकुट लगाएको छ । दायाँतिरको मुकुटमा चन्द्रकला रहेको छ । यो मूर्तिको

पृष्ठभागमा फुल बट्टा,अन्य बुट्टाहरुको तह तह परेको छ। छेउ अग्नी ज्वालाले सिगारेको छ। पृष्ठभागमा हावादारी प्वाल रहेको छ। निधारमा राम तिलक, आँखा लाम्चो , नाक चुच्चो र मुख सानो छ। आखा खोलेको जस्तो देखिन्छ।

यो मूर्तिमा पाल कलाशैलीको प्रभाव देखिन्छ। यो मूर्तिको दायाँतिरको आधा शरीर भगवान शिवको आधा शरीर प्रतिनिधित्व गर्दछ। तर दायाँतिर जटा मुकुट नभएर किरिट मुकुट नै रहेको छ। केवल चन्द्रकला मात्र रहेको छ। यो मुकुट खैरो फुस्रो ढुंगाबाट बनेको छ। (हेर्नुस् चि.फ.नं.४६)।

**च्वःत कोठा**

तीन तले भवनको रुपमा रहेको यस सिंहध्वखा दरबारको सबै भन्दा माथिको कोठा अर्थात् च्वःत कोठामा यस संग्रहालयको कार्यालय रहेकोछ। मातनबाट च्वःत कोठामा जानको लागि मातनको पहिलो तथा दोश्रो कोठा बीचमा रहेको लबिमा बायाँतिर भऱ्याङ्ग बनाइकोछ।

# भक्तपुर कला संग्रहालमा संग्रह, प्रदर्शनी, प्रकाश तथा सुरक्षाको ब्यवस्था

**संग्रह :**

जब देखि मानवको आवश्यकतामा बृद्धि हुन थाल्यो । तबदेखि मानवले संग्रह गर्न थालेको हो । समयको परिवर्तनको साथसाथै संग्रह गर्ने कार्यमा पनि परिवर्तन हुनपग्यो । पछि धाक, रवाफ तथा अरुबाट उपहार स्वरुप पाएका वस्तुहरु पनि संग्रह गर्न थाले । जसले संग्रहालयको स्थापना ठूलो मद्दत मिल्यो । संग्रहालयको विभिन्न कार्यहरु मध्ये संग्रह पनि एक हो । संग्रहालयको संग्रह भन्नाले आफूसँग सम्बन्धित विभिन्न वस्तुहरु जम्मा गर्नु भन्ने बुन्छि । यस्ता वस्तुहरुको संग्रह गर्ने कार्यमा संग्रहालय प्रमुखको ठूलो हात हुन्छ ।
संग्रहालयले विभिन्न किसिमबाट सम्बन्धित वस्तुहरुको संग्रह गर्ने गर्दछ । जस्तै उत्खननको क्रममा फेला पारेको वस्तुहरु , लावारीस अवस्थामा रहेको सय वर्ष भन्दा पुरानो पुरातात्विक वस्तूहरु , आफूसँग भएको वस्तु अन्य संग्रहालयलाई दिएर अरुबाट आफ्नो संग्रहालयमा नभएको वस्तु लिएर , आफै निर्माण गरेर , अस्थाई कर्जाबाट, कसैले स्वईच्छाले दिएको पुरातात्विक वस्तुहरु आदि किसिमबाट संग्रहालय वस्तु संग्रह गर्ने गर्दछ ।

संग्रहालयसँग सम्बन्ति वस्तुहरुको संग्रह गर्ने कार्य संग्रहालय प्रमुखको हो । संग्रहित वस्तुहरु मध्ये आवश्यक वस्तुहरुको प्रदर्शन गरिन्छ । बाँकी अन्य संग्रहालयसँग आफ्नो आवश्यक वस्तुहरु लिएर साटिन्छ। यो बाहेक यस्ता वस्तुहरु संग्रहालयले आफ्नो भण्डार कोठा भण्डार गरेर राखिन्छ। यस्ता भण्डार गरिएको वस्तुहरु ब्यवस्थित ढंगबाट राखिएको हुनु पर्दछ। बेला बेलमा त्यसको आवश्यक संरक्षण तथा संबर्द्धनको कामहरु भएको हुनु पर्दछ । यस संग्रहालयको भण्डारमा भएको वस्तुहरुको बारेमा अभिलेख राखिएको छ । तर सरसफाईमा

ध्यान दिइएको देखिदैन । यस्ता संग्रहित वस्तुहरु सम्बन्धि जानकारी दिनुको साथसाथै अध्ययन अनुसन्धानको लागि अवसर पनि प्रदान गर्दछ ।

**प्रदर्शनी** :

संग्रहालयले संग्रहित वस्तुहरु पुरातात्वि महत्वको अनुसार देखाएर राख्नु नै प्रदर्शनी हो । प्रदर्शनी मुख्य तीन प्रकारका हुन्छन् । स्थाई , अस्थाई तथा घुमन्ते प्रदर्शनी । स्थायी प्रदर्शनी जुन निश्चित ठाउँमा सदाको लागि प्रदर्शनी गरेको हुन्छ । अस्थायी प्रदर्शनी जुन निश्चित समयको लागि कुनै ठाउँमा गएर गरिन्छ । ठाउँ ठाउँमा गएर प्रदर्शनी गरिन्छ भने त्यसलाई घुमन्ते प्रदर्शनी भनिन्छ । जसले फरक फरक ठाउँको ब्यक्तिहरुलाई संग्रहालय प्रति आकर्षण गरि सम्बन्धित वस्तु बारे जानकारी दिन सकिन्छ । जुन प्रकारको प्रदर्शनी गर्दा पनि त्यहाँ सम्बन्धित वस्तु बारे जानकारी भएको पथप्रदर्शक उपस्थिती भएको हुनै पर्दछ । जसले सम्बन्धित विषयमा जो कोहिलाई पनि जानकारी दिनसक्छ । कुनै किसिमको प्रदर्शनी गर्दा प्रदर्शनी गरिने वस्तुसँग सम्बन्धित अन्य कुरा पनि राखिएको हुनुपर्दछ । जसले पनि सम्बन्धित वस्तु बारे बढि जानकारी लिन मद्दत मिल्छ । जस्तो : चार्ट , फोटो , नक्सा , पुस्तक आदि उपलब्ध गराएको हुनुपर्दछ । कुनै पनि वस्तुको प्रदर्शनी गर्दा त्यो वस्तुको कुन भाग बढि महत्वपूर्ण छ सोहि अनुसार प्रदर्शनी गनुपर्दछ । यदि वस्तुको अगाडीको भाग मात्र महत्वपूर्ण छ भने अगाडीको भाग बढि जोड दिएर प्रदर्शन गरेको हुनुपर्दछ । यदि उक्त वस्तुको चारैतिरको भाग महत्वपूर्ण छ भने चारैतिरको भाग देखिने गरी प्रदर्शन गरेको हुनुपर्दछ । संग्रहालयले प्रदर्शनी बढि घाम आउने वा एकदम चिसो अध्यारो ठाउँमा गर्न सक्दैन । यसो गर्दा प्रदर्शनीमा रहेको वस्तु नै क्षय हुने डर हुन्छ । यसैले वस्तु क्षय हुने कुरालाई ध्यानमा राखेर प्र्दर्शन गरेको हुनुपर्दछ । प्रदर्शन गरेको ठाउँ खुल्ला तथा तामक्रम सुहाउदो हुनुपर्दछ । प्रदर्शन गरिएको

कोठामा सुहाउदो तथा आकर्षक ढंगले रगाएको हुनुपर्दछ । वस्तु प्रदर्शनको लागि आधुनिक तथा कम खर्चिलो दराजको प्रयोग गरेको हुनुपर्दछ । प्रत्येक वस्तुको परिचय सबैले बु भ्ने गरी सरल भाषामा लेखिएको हुनुपर्दछ । प्रत्येक वस्तु ठूलो सानो सबैले राम्रोरी अवलोकन गर्न सकिने प्रदर्शन गरेको हुनुपर्दछ । प्रदर्शन गरिएको वस्तु दर्शकवर्गको हातले भ्याउने हुनुहुदैन । वस्तुहरुको प्रदर्शन समय अनुसार क्रमबद्ध ढंगले गरिएको हुनुपर्दछ । प्रत्येक संग्रहालयले आफ्नो संग्रहालयसँग सम्बन्धित वस्तुहरु नै प्रदर्शनी गरेको हुन्छ । संग्रहालयले कुनै पनि कलावस्तु समूहगत हिसाबले प्रदर्शन गरेको खण्डमा अध्ययन अनुसन्धानको लागि बढि सरल हुनेछ ।

संग्रहालयमा वस्तुहरुको प्रदर्शन उक्त वस्तुहरुको बारे बढि भन्दा बढि जानकारी दर्शकहरुलाई दिने उदेशय राखेको हुनुपर्दछ । साथसाथै उक्त वस्तुहरु उपयुक्त दराजमा राखेको हुनुपर्दछ । ताकि जुनसुकै व्यक्ति त्यो वस्तु हात छुन नसोकस् । यस संग्रहालयको छिडी पहिलो तथा दोश्रो कोठामा राखिएको ढुंगाको मूर्तिहरु प्राय : खुल्लै अवस्थामा छन् । जसलाई जसले पनि छुन सक्छ । यसले उक्त मूर्ति क्षय हुने डर हुन्छ ।

**प्रकाश** :

संग्रहालयमा प्रकाश भन्नाले संग्रहालयमा प्रदर्शन गरिएको वस्त तथा स्थानमा दिइएको प्रकाश भन्ने बुझिन्छ । यस्तो प्रकाशले प्रदर्शित वस्तुहरु बढि आकर्षक देखिनुको साथसाथै दर्शकहरुलाई पनि आनन्द तथा मनोरंजन प्रदान गर्दछ । तर यस्तो प्रकाशले अप्रत्यक्ष ढंगले ती वस्तुहरुमा नकारात्मक प्रभाव पारिरहेको हुन्छ । यसैले संग्रहालयले प्रदशित वस्तुमा प्रकाश प्रयोग गर्दा बढि सावधानी अपनाइएको हुन्छ । संग्रहालयमा प्रयोग गरिने प्रकाश कृतिम तथा प्रकृतीक गरि दुई किसिमका हुन्छन् । प्रदशित वस्तुहरुमा प्राकृतिक वा कृतिम प्रकाश सिधै प्रयोग गर्दा विभिन्न ती वस्तुहरुमा नकारात्मक प्रभाव पर्ने हुँदा विभिन्न किसिमबाट यसको प्रयोग गरेको हुन्छ । जस्तो : प्राकृतिक प्रकाश प्रदशित कलावस्तु वा स्थानमा प्रयोग गर्दा पारदर्शि जस्ता वा रंगिन जस्ताको प्रयोग गरिन्छ । संग्रहालयको उत्तरतिरको भित्तामा स साना

लहरै झ्यालहरु बनाएर प्राकृतिक प्रकाश छिराइन्छ । जसलाई रिबन झ्याल पनि भन्ने गरिन्छ । यस्ता झ्यालहरु एक आपसमा आधा इन्चको फरक गरेर बनाईन्छ । यस्तो प्रकाश प्रदशित वस्तुहरुमा सिधै नपारेर अगाडीको भित्तामा गएर ठोक्केर आएको प्रकाशले वस्तुलाई उज्यालो बनाउँछ ।

समयको परिवर्तनको साथसाथै बजारमा विभिन्न आधुनिक किसिमको कृतिम प्रकाश पाइन्छ । संग्रहालयले आवश्यकता अनुसार यस्ता कृतिम प्रकाशको प्रयोग गरेको हुन्छ । संग्रहालयको लागि उपयुक्त प्रकाश मिश्रित प्रकाशलाई मानिन्छ । जसमा आंशिक रुपमा ट्युबबाट आएको प्रकाश र आंशिक रुपमा अन्य कृतिम प्रकाशको प्रयोग गरिन्छ । कृतिम प्रकाशले वस्तुहरु बढि आकर्षित पार्नुको साथसाथै दर्शकलाई पनि मनोरंजन प्रदान गर्दछ । तर यसले आखाको लागि नकारात्क प्रभाव पनि पार्दछ । कृतिम प्रकाश मध्ये फ्लोरेन्स ट्यूबले आखालाई शितलता प्रदान गर्दछ ।

वस्तुको आकार अनुसार त्यस वस्तुमा प्रकाशको प्रयोग गरेको हुनुपर्दछ । चित्रकला तथा अन्य यस्तै समतल वस्तुहरुको लागि माथिबाट तेर्सो लाउनु पर्दछ । जुनसुकै अवस्थामा पनि यो प्रकाश १५ देखि ४५ डिग्रीको लम्बको रुपमा भएको खण्डमा राम्रो हुनेछ । [११] यस्तैगरी धातु , ढुंगा , काठ तथा अन्य प्रकाशित वस्तुहरुमा आवश्यकता अनुसार प्रकाशको प्रयोग गरिनु पर्दछ ।

तसर्थ संग्रहालयमा प्रकाशले अति महत्वपूर्ण भूमिका खेलिरहेको हुन्छ । आवश्यकता अनुसार कलावस्तुहरुको सुरक्षालाई ध्यानमा राखेर आधुनिक प्रकाशको प्रयोग गरिएको हुनुपर्दछ । यस संग्रहालयमा ढुंगाको कलावस्तुमा उपयुक्त किसिमले प्रकाश प्रयोग गरिएको छैन् ।

**सुरक्षा** :

संग्रहालयमा प्रदशित तथा अप्रदशित सानो वा ठूलो जुनसुकै वस्तुले पनि तत्कालिन समाजको कला , संस्कृती , भेषभुषा , धर्म , संस्कुती आदिको बारेमा जानकारी दिइरहेको हुन्छ । यसै यहाँ रहेको प्रत्येक कलावस्तु अत्यन्तै महत्वपूर्ण हुन्छ । यस्ता वस्तुहरु चोरी हुनबाट बचाउनु र ती बस्तु ब्यक्तिगत प्रयोगमा आउनु नदिनु नै संग्रहालयका सुरक्षा भन्ने बुझाउँछ । यसैले संग्रहालयको प्रवेशारदेखि प्रत्येक कक्षमा सावधानी पूर्वक सुरक्षाको प्रबन्ध मिलाएको

---

[११] पशुपति कुमार दुबेदी, *म्युजियम इन नेपाल* (एसएमटि.शुशिला दुबेदी,काठमाडौं २४, १५डि. १९७६) पृ ११ ।

हुन्छ । यहाँ प्रदशित प्रत्येक वस्तु सबै सजिलैसँगबाट अवलोकन गर्न सकिने गरी सुरक्षाको प्रबन्ध गरेको हुन्छ । प्रत्येक कक्षमा दर्शकहरुले थाहा नपाउने गरी पालेको ब्यवस्था मिलाएको हुन्छ ।

आधुनिक युगमा  विभिन्न सुरक्षाको साधनहरु मध्ये आफ्नो संग्रहालयलाई उपयुक्त हुने सुरक्षाको ब्यवस्था मिलाएको हुन्छ । आधुनिक युगमा प्रत्येक प्रदशित कक्षमा सि सि क्यामरा ब्यवस्था गरीएको हुनुपर्दछ । जसले सम्बन्धित ब्यक्तिलाई संग्रहालयको प्रत्येक कक्षमा रहेको कलावस्तुको अवस्था बारे जानकारी दिइरहेको हुन्छ ।

संग्रहालयमा स्थायी सुरक्षाको लागि मुख्यत : अधिकार प्राप्त ब्यक्ति नै सबै भन्दा पहिले आफ्नो जिम्मेवार प्रति इमान्दार रहेको हुनुपर्दछ । अन्यथा संग्रहालयमा जुनसुकै किसिमको सुरक्षा ब्यवस्था अपनाए पनि त्यो उपयुक्त हुनसक्दैन् । हाम्रो देशको संग्रहायहरु आधुनिक सुरक्षा प्रविधि प्रयोग गरेको देखिदैन । यस संग्रहायमा आधुनिक सुरक्षा प्रणालीको प्रयोग भएको देखिदैन । यहाँ कर्मचारीहरु बाहेक अन्य ब्यक्तिहरु सुरक्षाको लागि राखिएको छैन् ।

# पाचौं अध्याय

## उपसंहार

सग्रहालय भन्नाले संग्रह गर्ने स्थान हो । जहाँ ईतिहास, संस्कृती, धर्म, विज्ञान आदिसँग सम्बन्धित वस्तुहरु बैज्ञानिक ढंगबाट संग्रह गरेको हुन्छ । विश्वमा संग्रहालयको विकासको आधार नै विभिन्न किसिमका वस्तुहरुको संग्रह हो । यी वस्तुहरुको संग्रह विभिन्न किसिमबाट गरिन्छ । जस्तो ब्यक्तिगत रुची, उपहार वा कुनै ठाउँको भ्रमणको क्रममा त्यस ठाउँको सम्झना स्वरुप आदि किसिमले वस्तुहरु संग्रह गरिन्छ । नेपालमा संग्रहालयको विकास अप्रत्यक्ष रुपमा प्राचीनकालदेखि नै भएको हो । नेपालको पहिलो संग्रहालय छाउनी स्थीत राष्ट्रिय संग्रहालय हो । नेपालमा पुरातत्व विभागको स्थापना २००९ सालमा भएको हो । प्राचीन स्मारक संरक्षण सम्बन्धि ऐन २०१३ मा बनेको हो । २०१७ सालमा उपत्यकाको तीनै वटा मल्लकालिन दरबारमा संग्रहालय संचालन गरियो । जस मध्ये भक्तपुरको राष्ट्रिय कला संग्रहालय पनि एक हो । जुन पुरातत्व विभाग अन्तर्गत संचालित छ । हाल पुरातत्व विभाग संस्कृती, पर्यटन तथा उड्यन मन्त्रालय अन्तर्गत संचालित छ । यस राष्ट्रिय कला संग्रहालयमा भक्तपुर तथा यस वरपरबाट प्राप्त कलावस्तुहरु संग्रहित छ । यसैले यस संग्रहालयलाई क्षेत्रिय ९ऋभनष्यलब० संग्रहालय भन्न सक्छौं ।

## निष्कर्ष

यस शोधकार्यबाट मैले निम्न कुराहरु पत्ता लगाएकी छु :

१) विश्वमा संग्रहालयको विकास विभिन्न वस्तुहरु संग्रह गर्ने क्रममा भएको हो ।

२) तिब्बतसँगको् युद्ध, बृटिस इण्डिया र बंगालसँगको युद्ध तथा मुसलमानसँगको युद्धमा नेपाली सेनाले खोसेको हातहतियारहरु तथा जंङ्गबहादुरले विदेश भ्रमणको क्रममा ल्याएको हातहतियार राख्ने स्थानको रुपमा १९८५ (१९२८ ई.)मा आर्सेनल संग्रहालय स्थापना भएको हो । पछि यो संग्रहालयलाई राष्ट्रिय संग्रहालय भनि घोषणा गरियो । जुन नेपालको सबै भन्दा पुरानो संग्रहालय हो ।

३) २००९ सालमा पुरातत्व विभाग तथा २०१३ सालमा प्राचीन स्मारक संरक्षण सम्बन्धि ऐन बन्यो । यसपछि राष्ट्रिय, क्षेत्रिय, साईट आदि संग्रहायहरुको स्थापना भयो ।

४) २०१७ सालमा उपत्यकाको तीनै वटा मल्लकालिन दरबारहरुमा संग्रहालय स्थापना गरियो । जसमध्ये यस राष्ट्रिय कला संग्रहालय पनि एक हो ।

५) यस राष्ट्रिय संग्रहालय संचालित भवन राजा भूपतिन्द्र मल्लले निर्माण गर्न लगाएका हुन् । यसको मूल प्रवेशद्वारको दायाँ बायाँ ढुंगाको एक जोडी सिंह, हनुभैरव तथा नृसिंहको मूर्ति र खम्बाहरुमा विष्णु तथा गरुडको मूर्ति रहेकोछ ।

६) हाल यो तीन तल्ले भवनको रुपमा छ । जसमध्ये सबै भन्दा तल्लो तल्ला जसलाई छिडी भनेर जानिन्छ । यहाँ जम्मा चार वटा कोठाहरु छन् । जसमध्ये प्रवेशद्वारबाट यस संग्रहालय भित्र पस्नासाथ लबि आउँछ । जसको दायाँतिर काउण्टर राखिएको छ । यो काउण्टरको ठिक पछाडी ढोका रहेको छ । यस भित्रको लामो कोठाको बायाँतिर कलात्मक काष्ठकलाले युक्त काठको ढोका भएको अर्को लामो कोठाछ । जहाँ यस संग्रहालयले संग्रह गरेको मध्ये केहि ढुंगे कलावस्तुहरु राखिएकोछ । यो कोठा अन्य कोठाहरुको दाजोमा अध्यारो छ ।

यस मूल प्रवेशद्वारबाट भित्र पस्नसाथ आउने लबिको बायाँदेखि कलावस्तुहरु प्रदर्शन गर्न शुरु गरेकोछ । यहाँ दायाँ बायाँ लिच्छवि र मल्लकालिन ढुंगाको अभिलेखहरु, गणेशको मूर्तिहरु तथा ढुंगाको पानस प्रदर्शन गरिएको

छ । यहाँबाट अर्को कोठामा जान यस लबिमा केहि होचो खुड्किलाहरु छन् । यी खुड्किलाहरु अर्को कोठा बीचमा होचो ढोका रहेकोछ । यसपछि एल आकारको कोठा आउँछ । यहाँ ११ औं शताब्दी देखि १७ औं शताब्दी सम्मका ढुंगाका मूर्तिहरु तथा केहि थान्काचित्रहरु प्रदर्शन गरिएको छ । यहाँ रहेको १४ औं शताब्दीको शिवलिङ्गमा नन्दी सहित छ । यस शिवलिङ्गमा तीनैवटा भागहरु ब्रह्म पीठ वा ब्रह्म भाग, भद्र पीठ वा विष्णु भाग र भोग पीठ वा रुद्रभाग रहेकोछ । जसले श्रृष्टिको निरन्तरतालाई प्रतिनिधित्व गर्दछ । छिडी पछिको अर्को तल्ला जसलाई मातन भनेर जान्न सकिन्छ । मातनमा तीन कोठाहरु  छन् । पहिलो कोठामा शाहवंशीय राजाहरुको छविचित्र, बालकृष्ण समको चित्रकला तथा अन्य चित्रकलाहरु प्रदर्शित छन् । यस पहिलो तथा दोश्रो कोठालाई लबिले जोडेकोछ । यो लबिको बायाँतिरको ग्वाख वा खोपामा ढुंगाका कलावस्तुहरु प्रदर्शित छन् भने बायाँ तिर चित्रकलाहरु प्रदर्शन गरिएकोछ । यो लबिपछि अर्का  कोठा ठूलो तथा चारकुने मिलेकोछ । जसमा युरोपियन प्रभाव परेको देखिन्छ । जसको भूईमा काठ ओछ्याएको छ भने झ्यालहरुमा ऐनाको प्रयोग गरेकोछ । यस भवनको अन्य कोठाहरु भन्दा यो कोठा अग्लो छ । जसलाई तत्कालिन समयमा लालबैठक भनिन्थ्यो । यहाँ ढुंगाका दुई वटा कलावस्तु तथा चित्रकलाहरु प्रदर्शित छन् । यहाँ प्रदर्शित चित्रकलाहरु ग्रन्थचित्र, गाताचित्र, थान्काचित्र प्रमुख छन् ।

# सुझाव

नेपालमा संग्रहालयको थालनी विभिन्न किसिमका हातहतियारहरु राख्ने स्थानबाट भएको हो । पुरातत्व विभाग तथा प्राचीन स्मारक संरक्षण सम्बन्धि ऐन बनेपछि राष्ट्रिय स्तरमा संग्रहालयहरुको स्थापना हुन थालेको हो । यसै क्रममा यो भक्तपुर कला संग्रहालयको स्थापना २०१७ सालमा भएको हो । यस संग्रहालयको लागि निम्न सुझावहरु रहेकोछ :

१) यस संग्रहालयको मूल प्रवेशद्वारमा नै छुट्टै सुरक्षाकर्मीहरु राख्नुपर्ने देखिन्छ । जसले प्रत्येक दर्शकको म्याग्नेटिक जाँच गर्दछ ।

२) यस संग्रहालयले संग्रह गरेका कलावस्तुहरु मध्ये केहि कलावस्तुहरु दायाँतिरको कोठामा राखिएकोछ । जहाँ उचित तामक्रम तथा प्रकाशको व्यवस्था गर्नुपर्ने देखिन्छ । साथसाथै यहाँ सरसफाईको पनि उचित व्यवस्था गर्नुपर्ने देखिन्छ । जहाँ राखिएका कतिपय सग्लाकलावस्तुहरुलाई प्रदर्शनमा राखेको खण्डमा दर्शकहरुले त्यस बारे पनि केहि न केहि जानकारी पाउने थियो । यस कोठाको कलात्मक ढोका रहेको हुँदा यसलाई पनि उचित उपायहरु अपनाएर प्रदर्शन कक्ष बनाए राम्रो हुने थियो ।

३) यस संग्रहालयमा शैव, वैष्णव, शाक्त, बौद्ध एवं मिश्रित कलावस्तुहरु प्रर्शन गरिएकोछ । जुन एकै ठाउँमा प्रदर्शन नगरेर सानो ठाउँमा भएपनि प्रत्येक धर्मको छुट्टाछुट्टै प्रदर्शन गरेमा राम्रो हुने थियो । कुनै पनि कलावस्तुहरु प्रदर्शन कालक्रम अनुसार प्रदर्शन गरेमा राम्रो हुने थियो । कलावस्तुहरु भनेको जति पुरानो हुन्छ । त्यत्ति नै त्यो मुल्यवान हुन्छ । सुरक्षाको हिसाबले पछिल्लो कलावस्तुहरुलाई पहिले र अघिल्लो कलावस्तुलाई पछाडी वा घट्दो क्रममा राख्दा वेश हुन्छ ।

४) प्रवेशद्वारको बायाँतिरको लबिमा दायाँबायाँ राखिएको ढुंगाको अभिलेखहरु, गणेशको मूर्तिहरु तथा ढुंगाको पानसहरु बैज्ञानिक किसिमको सो–केशमा राख्नुपर्ने देखिन्छ । जसलाई कसैले पनि हातले छुन नसकोस् । यहाँ रहेको दायाँतिरको अभिलेखहरुमा घामको प्रत्यक्ष प्रभाव पर्छ । जसले यसमा नकारात्म प्रभाव पर्ने सम्भावना बढि देखिन्छ । यसैले यो प्रकाशबाट यी कलावस्तुहरु बचाउने उचित उपाय अपनाउनु पर्ने देखिन्छ ।

५) छिडिको तेश्रो कोठामा १३ औं शताब्दीको विष्णु, ११ औं शताब्दीको तारा तथा अभिलेख सहितको कुवेर, भिमसेन तथा शिवलिङ्ग शिलाफलकलाई उचित दराजमा राख्नुपर्ने देखिन्छ । टेबिलमा सजाएर राखेको शैव तथा वैष्णव मूर्तिहरुलाई १४ औं शताब्दीको शिवलिङ्ग राखिएको शिसाको दराज जस्तो दराजमा राखेमा राम्रो हुने थियो ।

६) भऱ्याङ्गको छेउमा राखेको सूर्य मूर्ति तथा मातनमा राखिएको ढुंगाको मूर्तिहरु उपयुक्त आधुनिक दराजमा राख्नुपर्ने देखिन्छ ।

७) यस संग्रहालयमा प्रत्येक कक्षमा पथ प्रदर्शक राखिएको छ । जुन कार्य समय भरि नै आफ्नो कक्षमा उपस्थित भएर आफ्नो कार्य पुरा गरेमा राम्रो हुने थियो । यहाँ आएका दर्शकहरु मध्ये कसैले कुनै कक्षको कलावस्तु बारे जान्न खोजेमा सम्बन्धित कक्षको पथ प्रदर्शकले जानकारी दिनुपर्दछ । अर्को कक्षको कलावस्तुहरुको जानकारीको लागि उक्त कक्षको पथप्रदर्शकलाई जिम्मा दिनुपर्दछ ।

८) प्रत्येक कक्षको प्रत्येक कलावस्तु बारे छोटो जानकारी लिखित रुपमा सबैले बुझ्ने भाषामा सम्बन्धित कलावस्तुसँगै टासेर राखेमा साधारण लेखपढ गर्न जान्ने तथा चाहने व्यक्तिले उक्त कलावस्तु बारे जानकारी लिन सक्थ्यो ।

९) यस कला संग्रहालयमा सि. सि. क्यामरा, कलावस्तु छुनासाथ बज्ने घण्टी वा अन्य यस्तै सुरक्षाको साधनहरु अपनाएमा राम्रो हुने थियो ।